जि.प्र.का. भक्तपुर दर्ता नं. ६२/०६३/६४
स्थायी लेखा नं. ३०२८६५५२३

थिमि टाइम्स
THIMI TIMES WEEKLY
साप्ताहिक

वर्ष १८ अङ्क ४३ ने.सं. ११४५ दिल्लाथ्व चतुर्दशी असार २५ गते बुधबार, २०८२ 09 July 2025, Wednesday पृष्ठ ८ मूल्य रु १०/–

कांग्रेस बैठकमा मन्त्रीहरूको कार्यसम्पादन माथि प्रश्न– हेरफेरको सम्भावना बढ्दै

काठमाडौं । सरकार गठनको एक वर्ष पूरा भइसकेपछि नेपाली कांग्रेसभित्र सरकारको कार्यसम्पादनबारे असन्तुष्टि चुलिएको छ । कांग्रेस नेतृत्वको केन्द्रीय समिति बैठकमा सरकार र आफ्नै पार्टीबाट गएका मन्त्रीहरूको कार्यक्षमता र प्रभावकारितामाथि प्रश्न उठ्न थालेको छ । बैठकमा अधिकांश नेताहरूले सरकार जनताको अपेक्षाअनुसार चल्न नसकेको भन्दै आलोचना गरेका छन् ।

पाँच दिनसम्म जारी बैठकमा ७० भन्दा बढी केन्द्रीय सदस्यहरूले मन्तव्य राखेका थिए । उनीहरूमध्ये धेरैले सरकारको कामलाई औसतभन्दा पनि कमजोर बताएका छन् । संविधान संशोधनदेखि सुशासन, समावेशी विकास र समृद्धिका मुद्दामा सरकार चुकेको आरोप लगाइएको छ । खासगरी कांग्रेसबाट सरकारमा सहभागी १० जना मन्त्रीको कार्यसम्पादनमाथि निराशा प्रकट गरिएको छ ।

केन्द्रीय सदस्यहरूका अनुसार मन्त्रीहरूले तीन–तीन महिनामा कार्यसम्पादन प्रतिवेदन दिनुपर्ने अभ्यास नै रोकिनु सरकारको गैरजिम्मेवारीपनको प्रतीक हो । मन्त्रीहरूले अहिलेसम्म प्रतिवेदन पेस नगरेकोप्रति गम्भीर आपत्ति जनाइएको छ ।

डा. शेखर कोइरालाले सरकारको नेतृत्व, गठबन्धनको औचित्य, र संविधान संशोधनजस्ता मुद्दा अलपत्र परेको भन्दै चर्को आलोचना गरेका छन् । उनले माओवादीसँगको गठबन्धनबाट एमालेसम्मको यात्रालाई स्पष्टीकरण दिन सभापतिलाई आग्रह गरे ।

पार्टीका प्रवक्ता डा. प्रकाशशरण महतका अनुसार बैठकमा उठेका प्रश्नहरूलाई सम्बोधन गर्दै मन्त्रीहरूलाई अझ प्रभावकारी बन्न दबाब दिइनेछ । यद्यपि उनले तत्काल मन्त्री फेर्ने निचोड भने निस्किन नसकेको स्पष्ट पारे ।

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार बजेट निर्माणलगायत विषयमा मन्त्रीहरूको आलोचना चर्को भएको छ । "मन्त्रीहरू जनताको अपेक्षाअनुसार प्रस्तुत हुन नसकेको गुनासो व्यापक छ," उनले भने, "आलोचना सुधारको लागि हो भनेर बुझ्नुपर्छ ।"

गृहमन्त्री रमेश लेखक र परराष्ट्रमन्त्री डा. आरजु राणा देउवालगायत केही मन्त्रीको कार्यसम्पादनप्रति व्यापक असन्तुष्टि देखिएको छ । भिजिट भिसा दुरुपयोग प्रकरणदेखि लिएर, विदेश नीति, सुरक्षा र प्रशासनिक व्यवस्थापनमा स्पष्ट खालको प्रभाव देखिन नसकेको

बाँकी पेज ७ मा

किड्स कोरा भक्तपुर २०८२ : साइकलप्रेमी बालबालिकाका लागि दोस्रो संस्करण तयार

भक्तपुर । भक्तपुरका गल्लीहरू फेरि एकपटक बालबालिकाको जोश र साइकलको घण्टीले गुञ्जिने भएका छन् । साना साइकलप्रेमीहरूका लागि अत्यन्तै प्रतीक्षित कार्यक्रम 'किड्स कोरा भक्तपुर' को दोस्रो संस्करण यही असार २८ गते आयोजना हुँदैछ । साइकल कनेक्ट जेन.जी.को आयोजनामा र साइकल कनेक्ट भक्तपुरको अगुवाइमा हुने उक्त इभेन्टका लागि सबै तयारी पूरा भएको आयोजकहरूले जनाएका

बाँकी पेज ७ मा

अफताबको विवादास्पद फैसलाविरुद्ध सर्वोच्चमा पुनरावेदनको तयारी

काठमाडौं । दुई दशक पुरानो चर्चित बम विस्फोट र हत्या प्रकरणमा उच्च अदालत जनकपुरको अस्थायी इजलासबाट सफाइ पाएका नेपाली कांग्रेसका नेता मोहम्मद अफताब आलमलगायत चार जना विरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन दर्ता हुने भएको छ ।

सरकारी पक्षले सर्वोच्च अदालतमा पुनरावेदनको तयारी तीव्र बनाएको महान्यायाधिवक्ताको कार्यालयले जानकारी दिएको छ । "भद्रगोल तरिकाले फैसला आएको छ भन्ने आम धारणा रहेको अवस्थामा हामी सकेसम्म यही हप्ताभित्र पुनरावेदन दर्ता गर्छौं," सहन्यायाधिवक्ता तथा प्रवक्ता सूर्यराज दाहालले

बाँकी पेज ७ मा

निलबाराही क्षेत्रको पहिरो रोकथाम : स्थानीयको उल्लेखनीय श्रमदान, तर भूमिका बिहीन कार्यपालिका



भक्तपुर । धार्मिक, सांस्कृतिक र पर्यावरणीय दृष्टिले अतिसंवेदनशील मानिने निलबाराही मन्दिर क्षेत्र पहिरोको उच्च जोखिममा परेको आठौं हप्ता पुग्दा यसको संरक्षणमा स्थानीय समुदायको सक्रियता उल्लेखनीय देखिए पनि नगरपालिका प्रशासन भने अझै निष्क्रिय र मौन देखिएको छ ।

लगातारको वर्षासँगै पहिरोको जोखिम झनै बढ्दै जाँदा स्थानीय बासिन्दाहरू, स्वयंसेवकहरू तथा धार्मिक श्रद्धालुहरूको साप्ताहिक श्रमदान अभियान भने जारी छ । ढुंगा बिछ्याउने, पानीको बहाव व्यवस्थापन गर्ने, तटबन्ध निर्माणजस्ता कार्यमा सयौंको संख्यामा सहभागी भई आएका छन् । यद्यपि, यस्तो सामूहिक प्रयासलाई आवश्यक प्राविधिक तथा संस्थागत सहयोग भने अझै अपूरो छ ।

यसैबीच, नगरपालिकाको पहलमा हालै सम्पन्न समन्वय बैठकमा काठमाडौं उपत्यका विकास प्राधिकरण, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय, सरोकार समितिका प्रतिनिधि तथा इन्जिनियरहरूको सहभागिता रहेको थियो ।

बाँकी पेज ७ मा

एस. एस. कलेज अब अरनिको हाइवेसँगै नयाँ भवनमा

भण्डारीको राजनीतिमा पुनरागमनपछि एमालेमा गुटबन्दी सतहमा

काठमाडौं । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको राजनीतिमा सक्रिय पुनरागमनको घोषणा पछि नेकपा (एमाले) भित्र नेतृत्व तहमै ध्रुवीकरण सुरु भएको छ । भण्डारीको आगमनलाई लिएर नेताहरू दुई धारमा विभाजित भएको देखिन्छन् । एक पक्ष भण्डारीको स्वागतमा छ भने अर्को पक्ष शंकाको दृष्टिले हेरिरहेको छ ।

एमाले उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डे, अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवालीलगायत नेताहरू भण्डारी निकट देखिएका छन् । पार्टी महासचिव शंकर पोखरेल भने पूर्वराष्ट्रपतिको सक्रिय राजनीतिमा पुनरागमनलाई अस्वाभाविक ठहर गर्दै आएका छन् । उनले सचिवालय बैठकमै पार्टी विधानबाटै पूर्वराष्ट्रपतिलाई राजनीतिमा फर्किन नदिने व्यवस्था गर्नुपर्ने प्रस्ताव समेत राखेका थिए । यद्यपि, सो प्रस्ताव अगाडि बढ्न सकेन ।

पार्टी सचिव रघुवीर महासेठले भने भण्डारीको पुनरागमन अध्यक्ष केपी शर्मा ओलीकै सहमतिमा हुने स्पष्ट पारेका छन् । उनले जनकपुरधाममा आयोजित कार्यक्रममा भने, "भण्डारी एमालेमा आउनुहुन्छ भने त्यो अध्यक्षकै प्रस्ताव र अनुमतिमा हुनेछ । संविधान वा पार्टी विधानले उहाँलाई रोक्दैन ।"

एमालेभित्र गुटबन्दीको संकेत १४ असारअघि सम्पन्न जिल्ला अधिवेशनहरूबाटै देखिएको थियो । मोरङमा त भण्डारी पक्षले स्पष्ट विजय हासिल गरेको बुझिएको छ । सोही दिनको काठमाडौंको कार्यक्रममा ओली र भण्डारी समर्थक नेताहरू फरक समूहमा देखिनु पनि उल्लेखनीय थियो ।

पार्टीमा १९ जना पदाधिकारीमध्ये ९ जना भण्डारीतिर झुकेको भनिएको छ । ओली पक्षमा खुलेर उभिएका ७ जना नेताहरू छन् । बाँकीहरू तटस्थ देखिए पनि भित्री रूपमा ध्रुवीकरण भइरहेको बताइएको छ ।

पूर्वराष्ट्रपति भण्डारीका लागि एमालेमा पुनः सक्रिय हुनु सहज

दिवंगत नेता मदन

बाँकी पेज ७ मा

नि:शुल्क उपचार सेवा दिँदै आयुर्वेद स्वास्थ्य केन्द्र, भक्तपुर

भक्तपुर । स्वास्थ्य सेवा दिन प्रतिदिन महँगिदै गएको वर्तमान अवस्थामा भक्तपुर स्थित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले नि:शुल्क रुपमा गुणस्तरीय उपचार सेवा दिँदै आएको छ। नेपाल सरकारले स्थापना गरेको यो केन्द्रबाट दैनिक रूपमा बढ्दो संख्यामा सर्वसाधारणले सेवा लिइरहेका छन्।

एकातिर निजी अस्पतालहरूले आधुनिक सेवाको नाममा महँगो शुल्क लिइरहेका बेला सरकारी अस्पतालहरूमा सेवाग्राहीको अत्यधिक चापले गुणस्तरीय सेवा नपाइने गुनासोहरू बढ्दो छन्। अर्कोतर्फ नेपालमा औषधि उत्पादन कम र आयातमा निर्भरता बढी भएकाले समेत उपचार सेवा महँगिएको जनाइएको छ। हाम्रो आफ्नै देशमा औषधी लगायतको उत्पादन नहुने कारणबाट पनि नेपालकिो लागि स्वास्थ्य सेवा महँगो हुने गरेको बताइन्छ ।

तर हाल आयुर्वेदका नाममा हुने गरेका गैरजिम्मेवार मुलक क्रियाकलापहरु र विना प्रमाणित निर्माण भएका आयुर्वेदका औषधीको सेवनका कारण हुने गरेका स्वास्थ्य समस्या आउने गरेको भ्रम सिर्जना गर्दै मानिसमा आयुर्वेद विरुद्ध भ्रामक तथ्यहरु बहिर आइरहेको कारण देशकै मौलिक र सदियौं पुरानो प्रमाणिक आयुर्वेद चिकित्सा प्रणालीलाई आम जनमानसमा सकारात्मक र सही सूचना प्रवाहित गरी आम जनतामा आयुर्वद चिकित्सा प्रणाली प्रति विश्वास जगाउन र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भक्तपुरले सेवा सुरु गरेको तीन वर्षभित्र उल्लेखनीय प्रगति गरेको विषयमा बिहीबार केन्द्र परिसरमा आयोजित पत्रकार सम्मेलनमा केन्द्रले आफ्नो तिन वर्षे कार्य प्रगति सार्वजनिक गर्दै सञ्चारकर्मीहरूसँग संवाद कार्यक्रम सम्पन्न गर्‍यो।

कार्यक्रममा केन्द्रका प्रमुख डा. नदन कँडेलले आयुर्वेद चिकित्सा पद्धति स्वास्थ्यका लागि सुरक्षित, प्राकृतिक र साइड इफेक्ट रहित भएकाले जनताको आकर्षण बढ्दै गएको जानकारी दिए। उनका अनुसार, “केन्द्रमा उपचार गर्न आउने बिरामीको संख्या हरेक वर्ष बढ्दो क्रममा छ, जसमा सञ्चार माध्यमबाट प्रवाहित सकारात्मक सूचनाले पनि ठूलो भूमिका खेलेको छ।“

उनले जानकारी दिएअनुसार, केन्द्रमा दर्ता शुल्कदेखि उपचार, परीक्षण तथा झण्डै २३ प्रकारका आयुर्वेद औषधिसमेत नि:शुल्क रूपमा उपलब्ध गराइन्छ। साथै, सस्तो दरमा औषधि उपलब्ध गराउने उद्देश्यले सञ्चालित औषधि विक्री केन्द्रमार्फत १० प्रतिशत छुटमा औषधि वितरण गरिँदै आएको छ।

डा. कँडेलका अनुसार, “यद्यपि आयुर्वेद औषधि अन्य केमिकलयुक्त औषधिको तुलनामा केही महँगो पर्न सक्छ, तर दीर्घकालीन रुपमा हेर्दा सुरक्षित, प्राकृतिक र जीवनशैलीमैत्री उपचार प्रणाली भएकाले यसको माग बढ्दै गएको छ।“

केन्द्रको मुख्य कार्यालय भक्तपुरको कमलविनायकमा रहेको छ। हाल भक्तपुर जिल्लाका चारवटै पालिकासँग समन्वय गर्दै आयुर्वेद सेवा विस्तार गरिँदै आएको छ भने आगामी दिनमा केन्द्रलाई १६ शैयाको अस्पतालमा स्तरोन्नति गर्ने लक्ष्य पनि राखिएको जानकारी दिइएको छ ।

नगरकोट भ्रमण वर्षको अवसरमा चाँगुनारायण मन्दिर परिसरमा चित्रकला कार्यशाला सम्पन्न

भक्तपुर । नगरकोट भ्रमण वर्ष २०८२ को अवसरमा चाँगुनारायण नगरपालिका अन्तर्गतको ऐतिहासिक तथा धार्मिक सम्पदा चाँगुनारायण मन्दिर परिसरमा चित्रकला कार्यशालाको आयोजना गरिएको छ । चाँगुनारायण नगरपालिकाको भ्रमण वर्ष–२०८२ सचिवालयको आयोजनामा सम्पन्न उक्त कार्यशालाको उद्घाटन नगर प्रमुख जीवन खत्रीले क्यानभास र रंग कलाकारलाई हस्तान्तरण गर्दै गरेको थियो ।

नेपालकै प्राचीन मन्दिरमध्ये एक चाँगुनारायण मन्दिरको सांस्कृतिक, ऐतिहासिक र धार्मिक महत्वलाई विश्वमाझ फैलाउने उद्देश्यले नगरपालिकाले भ्रमण वर्ष घोषणा गरेको नगरप्रमुख खत्रीले जानकारी दिए । उनले चाँगुनारायणको कला, संस्कृति, सम्पदा र पर्यटकीय सम्भावनालाई उजागर गर्दै नगरलाई समृद्ध र व्यवस्थित बनाउने अभियानमा यो कार्यक्रम कोशेढुंगा सावित हुने धारणा व्यक्त गरे ।

नगर प्रमुख खत्रीले समाजमा सकारात्मक परिवर्तन ल्याउने र स्थानीयवासीको अनुहारमा खुसी छर्ने कार्यमा कला र साहित्यको

प्रभावकारी प्रयोग गरिनुपर्नेमा जोड दिए । “आज हामी क्यानभासमा साहित्य र कलाको संगम गरिरहेका छौं,” उनले भने, “यसबाट चाँगुनारायणको सम्पदा मात्र होइन, भविष्यको पहिचान समेत निर्माण हुँदैछ ।”

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले कार्यशालाबाट तयार गरिएका चित्रहरूले चाँगुनारायणको पहिचानलाई अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउने विश्वास व्यक्त गरे । उनले नगरकोट भ्रमण वर्षको माध्यमबाट ओझेलमा परेका सम्पदाहरू समेत उजागर हुने अपेक्षा व्यक्त गरे ।

सचिवालयका सदस्य सचिव तथा पर्यटन शाखा प्रमुख गोविन्द कट्टेलले कार्यशालामा २३ जना कलाकार सहभागी रहेको जानकारी दिए । ती कलाकारहरूले चाँगुनारायण नगरपालिकाभित्र रहेका प्रमुख धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूलाई चित्रमार्फत प्रस्तुत गरेका छन् । ती चित्रहरूलाई नगरपालिकाले संग्रहालयको रुपमा संरक्षित गर्दै प्रदर्शनीको समेत व्यवस्था गर्ने योजना रहेको उनले बताए ।

कार्यशालामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त कलाकारहरूको उपस्थिति रहनुका साथै चाँगुनारायण क्षेत्रका २३ वटा प्रसिद्ध सम्पदालाई क्यानभासमा सजीव ढंगले उतारिएको थियो ।

नगरकोट भ्रमण वर्ष अन्तर्गत यस्ता सिर्जनात्मक कार्यक्रमहरूले चाँगुनारायणको ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय महत्वलाई अझ उजागर गर्दै पर्यटक आकर्षणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

एसइइ उत्तीर्ण विद्यार्थी र नवोदित गायिकाको सम्मान

भक्तपुर । विनायक शिक्षा निकेतन इङ्लिस स्कुल, भक्तपुरले एसइइ उत्तीर्ण विद्यार्थीहरू तथा नवोदित गायिका इन्द्रकला राईको सम्मानमा एक विशेष बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न गरेको छ । असार २२ गते सम्पन्न उक्त कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गणेशराम लाछीको सभापतित्वमा तथा वडा नं. ५ र ६ का वडाध्यक्षहरूको विशेष आतिथ्यतामा सम्पन्न गरिएको थियो ।

कार्यक्रममा शैक्षिक सत्र २०८१ मा एसइइ परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने छात्रछात्रालाई ‘तुई काजी तुइल माया पुरस्कार’ अन्तर्गत जनही पाँच हजार रुपैयाँ नगद, प्रमाणपत्र र मायाको चिनो प्रदान गरी सम्मान गरिएको थियो । साथै, विद्यालयमै अध्ययन गरी सांगीतिक क्षेत्रमा आफूलाई स्थापित गर्न सफल नवोदित गायिका इन्द्रकला राईलाई नगद दश हजारसहित विशेष सम्मान प्रदान गरिएको थियो ।

कार्यक्रमका प्रमुख वक्ताहरूमा मध्यपुर थिमि नगरपालिकाको शिक्षा शाखाकी धनागिरी, ब्रिटिस कलेज युकेका प्रतिनिधि प्रिन्स न्यौपाने, अभिभावक अतिथि सुपर बस्नेतलगायतले शिक्षामा नवीनतम प्रविधिको प्रयोग र समग्र व्यक्तित्व विकासमा विद्यालयको योगदानको प्रशंसा गरे । उनीहरूले प्लस टु तहमै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको विद्यालयप्रति बधाई ज्ञापन गरे ।

कार्यक्रमको स्वागत मन्तव्य सहायक प्रिन्सिपल प्रेमप्रसाद निरौलाले राखेका थिए भने सञ्चालन शैक्षिक संयोजक शैलेन्द्र कुमार भट्टराईले गरेका थिए ।

विद्यालयका संस्थापक प्रिन्सिपल सुरेन्द्रविक्रम प्रजापतिले आफ्ना विद्यार्थीको भविष्य उज्ज्वल बनाउन अभिभावकले धेरै टाढा नगई आफैंले विश्वास गर्न सक्ने स्थानमा पढाउने सुझाव दिँदै स्थानिय स्तरमै गुणस्तरीय प्लस टु शिक्षा पाउन सकिने विश्वास व्यक्त गरे । साथै, गायिका राईलाई सांगीतिक सफलताको शुभकामना दिँदै विद्यालयको गौरवका रूपमा चित्रण गरे ।

कार्यक्रमको अन्त्यमा गायिका इन्द्रकला राईले आफ्ना लोकप्रिय गीतमार्फत साङ्गीतिक प्रस्तुति दिँदा वातावरण झन् भावनात्मक र उत्साहजनक बनेको थियो ।

भक्तपुर नपाको १८ औं नगरसभा सम्पन्न,

भक्तपुर । भक्तपुर नगरपालिकाको १८ औं नगरसभा सोमवार सम्पन्न भएको छ । गत असार ६ गतेदेखि सुरु भएको नगरसभा विभिन्न महत्वपूर्ण प्रस्ताव पारित गर्दै औपचारिक रुपमा समापन भएको हो ।

नगरपालिकाका अनुसार सभाको अन्तिम दिन लेखा समितिको प्रतिवेदन-२०८२, न्यायिक समितिको प्रतिवेदन, नगर कर्मचारीहरूको तलबसम्बन्धी प्रतिवेदन र वार्षिक खरिद योजनालगायतका विषयहरूमा निर्णय लिइयो ।

सभाको समापन समारोहमा सभाअध्यक्ष एवम् नगरप्रमुख सुनिल प्रजापतिले नगरसभामा सहभागिता जनाउने अतिथि, बुद्धिजीवी, सञ्चारकर्मी, कर्मचारी, नगरबासी र सभासद्हरूप्रति आभार प्रकट गरे ।

सभाको विशेष समयमा नगर सभासद्हरुले विविध स्थानीय सरोकारका विषयमा धारणा राखे । नगर सभासद् विष्णुकेशरी दुवाल, रामसुन्दर बासी, गंगालक्ष्मी बमनू, मन्जुमैंया लाखा, हेरा ख्याजु, कृष्णनारायण दुमरु र सिद्धिराम अवालले खानेपानी, सडक, पुरातात्विक सम्पदाको संरक्षण तथा अरनिको सभाभवनको निर्माण शीघ्र सम्पन्न गर्न आग्रह गरे ।

त्यस्तै नगर सभासद् इन्द्रबहादुर प्याठले सहकारी संस्थालाई सचेत गराउने र वडा नं. ९ मा रहेको पर्यटन सूचना केन्द्र पुन: सञ्चालन गर्नुपर्ने सुझाव दिए । नगर सभासद् श्यामसुन्दर मातांले नगर प्रहरीको प्रभावकारी परिचालन र सहकारीको खराब ऋण व्यवस्थापन तथा ढुंगेधाराका बन्द निकास खोल्नुपर्नेमा जोड दिए ।

त्यस्तै, नगरसभासद् नारायणप्रसाद त्वानाबासुले गाजाको नरसंहार, निजामति सेवा विधेयकमा उल्लेखित ‘कुलिङ अफ पिरियड’, चोभार गल्छी र रासायनिक मल व्यवस्थापनबारे धारणा राखे । गोविन्द दुवालले भ्रष्टाचारविरुद्धको आन्दोलनको चर्चा गर्दै पर्याप्त रासायनिक मल सुनिश्चित गर्न आग्रह गरे ।

सभाको अन्त्यतिर वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले नगरसभाको संक्षिप्त प्रतिवेदन प्रस्तुत गरेको थियो ।

चाँगुमा अग्रवर्ती खोज तथा उद्धार प्रशिक्षण सम्पन्न

भक्तपुर । चाँगुनारायण नगरपालिकाको पहलमा सशस्त्र प्रहरी बल नेपाल नं. २२ गण हे.क्वा गुह्येश्वरी, भक्तपुरको समन्वयमा "विपद् व्यवस्थापन स्वयंसेवक (अग्रवर्ती खोज तथा उद्धार)" विषयक पाँचदिने विशेष प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

दुवाकोटस्थित सशस्त्र प्रहरी गणमा असार २ गतेदेखि सञ्चालन भएको प्रशिक्षणमा १० महिला र २२ पुरुष गरी जम्मा ३२ जना स्वयंसेवक सहभागी भएका थिए ।

प्रशिक्षण समापन कार्यक्रममा चाँगुनारायण नगरपालिकाका उपप्रमुख रमेश बुढाथोकीले सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै विपद् व्यवस्थापनमा सक्रिय भूमिका निर्वाह गर्न सफल सहभागीहरूलाई बधाई दिए । उनले विपद् पूर्वतयारी र प्रतिकार्यमा नगरपालिकाको तर्फबाट निरन्तर सहकार्य रहने प्रतिबद्धता व्यक्त गरे ।

विपद् व्यवस्थापनमा संस्थागत संरचना

उपप्रमुख बुढाथोकीले चाँगुनारायण नगरपालिकाले विपद् व्यवस्थापनसम्बन्धी आवश्यक कानुनी र नीतिगत व्यवस्था गरिसकेको जानकारी दिँदै, विपद् व्यवस्थापन इकाई गठन गरी नगर प्रहरीसमेतको समावेशमा तयारी अवस्था कायम गरिएको जानकारी दिए ।

२०८१ सालको मनसुनमा विपद्का कारण प्रभावित स्थानहरूमा नगरको विपद् व्यवस्थापन टोलीले तुरुन्त प्रतिकार्य गरेको उल्लेख गर्दै उनले सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र नेपाली सेनासँगको सहकार्यप्रति आभार व्यक्त गरे ।

उनले स्वयंसेवकहरूको बीमा गरिने तथा प्रतिकार्यमा खटिँदा प्रदेश सरकारले तयार पारेको स्वयंसेवक परिचालन निर्देशिका अनुसार न्यूनतम सुविधा उपलब्ध गराइने स्पष्ट पारे । आगामी बजेटमा विपद् व्यवस्थापनलाई प्राथमिकता दिइने र नगरलाई विपद्-उत्थानशील नगरपालिका बनाइने योजनाबारे पनि जानकारी दिए ।

स्थानीय नेतृत्वको प्रतिबद्धता

नगरपालिका वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक एवं वडा नं. २ का वडा अध्यक्ष सोमप्रसाद प्रधानले अघिल्लो वर्षदेखि विपद् व्यवस्थापन स्वयंसेवक टोली गठनको थालनी गरिएको जानकारी दिँदै उनले सरकारी तथा गैरसरकारी निकाय, सुरक्षाकर्मी, राजनीतिक दल, जनप्रतिनिधि र नागरिक समाजबीचको समन्वयमा पूर्वतयारी तथा प्रतिकार्यका कार्यहरू सञ्चालन भइरहेको जानकारी दिए ।

सशस्त्र प्रहरी बल गण दुवाकोटका गणपति जनक सापकोटाले विपद् व्यवस्थापन तीनै तहका सरकारहरूको साझा जिम्मेवारी भएको उल्लेख गर्दै, स्थानीय तह र सुरक्षा निकायबीचको सहकार्यले सम्भावित विपद्को जोखिम न्यूनीकरण गर्न सकिने धारणा व्यक्त गरे । नगरपालिकासँगको समन्वयलाई निरन्तरतापूर्वक अघि बढाउने विश्वास व्यक्त गर्दै, प्रशिक्षणको जिम्मेवारी प्रदान गरेकोमा नगरपालिकाप्रति कृतज्ञता प्रकट गरे ।

कार्यक्रममा नगर उपप्रमुख बुढाथोकीले सशस्त्र प्रहरी बल परिवारलाई कदरपत्र प्रदान गरेको थियो भने गणपति सापकोटाले पनि उपप्रमुखलाई मायाको चिनो प्रदान गरेको थियो ।

प्रशिक्षणमा विपद् र यसको प्रकार, कानुनी तथा नीतिगत व्यवस्था, प्राथमिक उपचार, कृत्रिम श्वास-प्रश्वास, घाइतेको वर्गीकरण, रक्तश्राव नियन्त्रण, विष तथा पोलाइ, डोरी तथा खोज उद्धार प्रविधि, भग्नावशेष व्यवस्थापन, आगलागी नियन्त्रण, गाडीबाट घाइते निकाल्ने उपायजस्ता व्यवहारिक विषयमा प्रशिक्षण प्रदान गरिएको थियो ।

कार्यक्रमको संयोजन सशस्त्र प्रहरी बलका प्रहरी नायव उपरीक्षक बुद्धिनारायण महर्जनले गरेको थियो । कार्यक्रममा चाँगुनारायण नगरपालिका विपद् व्यवस्थापन इकाई प्रमुख दिनेश थापा सहित प्रशिक्षकहरूको पनि उपस्थिति रहेको थियो ।

नर्या कर विधेयकले मच्चायो अमेरिका भित्रै विवाद

एजेन्सी । अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार आफ्ना कार्यकालको सबैभन्दा विवादास्पद मानिएको नयाँ कर तथा खर्च सम्बन्धी विधेयकमा हस्ताक्षर गरे। यस विधेयकले धनी वर्गलाई कर छुट दिने, रक्षा खर्चमा वृद्धि गर्ने र आप्रवासी नियन्त्रण अभियानका लागि ठूलो बजेट विनियोजन गर्ने व्यवस्था गरेको छ। ट्रम्पले यस विधेयकलाई 'वन बिग ब्यूटीफुल बिल' अर्थात् 'एउटा ठूलो, सुन्दर विधेयक' भन्दै वर्णन गरेका छन्।

विधेयकमा हस्ताक्षरपछि स्वतन्त्रता दिवसको अवसर पारेर वाशिङटन डीसी स्थित ह्वाइट हाउसमा आयोजना गरिएको भव्य समारोहमा अमेरिकी वायुसेनाका अत्याधुनिक बि-२ स्टिल्थ बमवर्षक र ँ-२२ फाइटर जेटहरूले फ्लाई-पास्ट प्रदर्शन गरे। राष्ट्रपति ट्रम्पले ती विमानलाई देखेपछि सलामी दिएका थिए। यस प्रदर्शनलाई शक्ति प्रदर्शनको रूपमा हेरिएको छ।

'अमेरिका जित्दैछ'

विधेयक पारित भएपछि ट्रम्पले भने, "अमेरिका आज जित्दैछ, पटक-पटक जित्दैछ, यति ठूलो जित पहिले कहिल्यै देखिएको थिएन।" उक्त अवसरमा रिपब्लिकन पार्टीका थुप्रै सांसदहरू पनि उपस्थित थिए। उनीहरूले विधेयक पारित गराउन महत्वपूर्ण भूमिका खेलेका थिए।

तर डेमोक्र्याट पार्टीले भने यो विधेयकले गरीबवर्गमाथि अन्याय गरेको आरोप लगाएको छ। उनका अनुसार, स्वास्थ्य बीमा, खाद्यान्न सहायता र सामाजिक सुरक्षामा ठूला कटौतीहरू गरिएका छन्। ट्रम्पले त्यसको जवाफमा भने, "तपाईंले यसको असर महसुस पनि गर्नुहुन्न।"

गरीबका लागि हेल्थ बीमामा कटौती

विधेयकले अमेरिकाका न्यून आय भएका नागरिकहरूका लागि चलाइएको 'मेडिकेड' स्वास्थ्य कार्यक्रममा ऐतिहासिक कटौती गरेको छ। साथै, खाद्यान्न सहायता कार्यक्रमहरू पनि घटाइएको छ। अनुमानअनुसार १.७ करोड नागरिकले आफ्नो स्वास्थ्य बीमा गुमाउने खतरा छ भने थुप्रै ग्रामीण अस्पतालहरू बन्द हुने अवस्थामा पुगेका छन्।

एलन मस्कको आलोचना

यो विधेयकको विरोधमा ट्रम्पका पूर्वसमर्थक र विश्वप्रसिद्ध उद्योगपति एलन मस्क पनि खुलेर उत्रिएका छन्। उनले यस दिनलाई 'हाम्रो लागि डरलाग्दो दिन' भन्दै सामाजिक सञ्जालमा आलोचना गरेका छन्। साथै, उनले नयाँ राजनीतिक पार्टी 'अमेरिका पार्टी' गठन गर्ने घोषणा गर्दै यस पार्टीले रिपब्लिकनहरूलाई चुनौती दिने बताए।

२०२६ का चुनावतर्फ संकेत

यो विधेयक पारित गर्न रिपब्लिकन पार्टीभित्र निकै संघर्ष भएको थियो। अन्ततः २१८-२१४ मतको झिनो अन्तरले विधेयक पारित भएको हो। ट्रम्पले हाउस स्पिकर माइक जॉनसनलाई धन्यवाद दिँदै भने, "अद्भुत काम गर्नुभयो।" विपक्षी डेमोक्र्याटहरूले भने यो विधेयक २०२६ मा हुने मिडटर्म चुनावमा जनताको रोषको कारण बन्ने विश्वास व्यक्त गरेका छन्। उनीहरू भन्छन्, "यो कानुनले गरीबबाट पैसा लिएर धनीलाई दिएको छ।"

भावपूर्ण श्रद्धाञ्जली !!!

जन्म :
वि.सं. २०१०, जेठ २२ गते ।

स्वर्गारोहण :
वि.सं. २०८२, जेठ २६ गते ।

दिवंगत कृष्णलाल गोजा श्रेष्ठ

जनआदर्श क्याम्पसको स्थापना कालदेखि निरन्तर सक्रिय सहयोगी, निवर्तमान सञ्चालक समिति सदस्य तथा शिक्षाक्षेत्रप्रति समर्पित आदरणीय **कृष्णलाल गोजा श्रेष्ठ**को असामयिक तथा आकस्मिक निधनले क्याम्पस परिवार अत्यन्त मर्माहत र शोकाकुल भएको छ ।

शिक्षा र समाजसेवामा उहाँले पुऱ्याउनुभएको योगदान सदैव स्मरणीय र प्रेरणादायी रहनेछ ।

यस दुःखद घडीमा हामी दिवंगत आत्माप्रति **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दै उहाँको चिरशान्तिको कामना गर्दछौं । साथै, शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

तारामान जोशी
अध्यक्ष

दुर्गामोहन श्रेष्ठ
क्याम्पस प्रमुख
तथा

जनआदर्श क्याम्पस, परिवार
मध्यपुर थिमि, भक्तपुर

गाजामा राहत वितरणमै गोली : इजरायली व्यवहारको क्रुरताप्रति गम्भीर प्रश्नचिन्ह

एजेन्सी । गाजा क्षेत्र फेरि एकपटक विश्वसामु मानवताविरोधी व्यवहारको उदाहरण बनेको छ। बीबीसीसहितका अन्तर्राष्ट्रिय संचारमाध्यमले सार्वजनिक गरेको विवरण अनुसार, राहतका लागि लाम लागिरहेका भोका र थकित प्यालेस्टाइनीहरूमाथि इजरायली पक्षबाट अमेरिकाको आडमा गोली चलाउने कार्य भएको छ, जसमा पूर्व इजरायली सुरक्षा निकायसँग आबद्ध व्यक्तिहरूको प्रत्यक्ष संलग्नता रहेको गम्भीर आरोप लगाइएको छ ।

यो घटना कुनै युद्धमैदानको होइन, मानवीय राहत वितरणस्थलको हो - जहाँ शान्तिपूर्वक खाना लिन पुगेका नागरिकहरूमाथि गोली चलाइएको हो । पूर्व सुरक्षाकर्मीहरूका अनुसार, राहत लिन जाँदै गरेका मानिसहरू विस्तारै हिँडेको भन्दै उनीहरूमाथि गोली चलाइएको हो । यो दाबी आफैँमा अमानवीयता र निन्दनीय चरित्रको गम्भीर प्रतीक हो ।

इजरायली संस्था 'गाजा ह्युमनिटेरियन फाउन्डेसन' (न्जँ) ले उक्त आरोप अस्वीकार गर्दै घटनालाई सामान्यीकरण गर्न खोजे पनि अन्तर्राष्ट्रिय निकायहरूका तथ्यांकले त्यहाँको अवस्था भयावह रहेको उजागर गर्छ । राष्ट्रसङ्घ तथा त्यस क्षेत्रका चिकित्सकहरूको अनुसार, जिएचएफले राहत वितरण थालेपछि करिब ४ सय प्यालेस्टाइनी नागरिक मारिएका छन् - ती सबै मानवीय सहायताको खोजीमा निस्किएका व्यक्ति थिए ।

यो घटना कुनै एक दिनको दुर्घटना होइन, इजरायली नाकाबन्दी र दमनकारी नीतिको निरन्तरता हो । इजरायलले गाजामा ११ साता राहत अवरुद्ध गरिरहँदा सयौं नागरिक भोकै, औषधिविहीन र सुरक्षित आश्रयबिनाको जीवन बिताउन बाध्य भएका थिए । जब राहत वितरण सुरु भयो, तब पनि शान्तिपूर्ण नागरिकहरूलाई लक्षित गरी गोली हानिनु अन्तर्राष्ट्रिय मानवीय कानुनको स्पष्ट उल्लंघन हो । इजरायलको तेल अभिभमाथि इरानको आक्रमणका क्रममा मानव अधिकारको गम्भीर उल्लंघन र युद्ध अपराध भएको देख्ने न्यतान्याहु प्रशासन आफैले प्यालेस्ताइनमा गरेको क्रुरताको बारेमा मौन रहनु र पश्चिमा राष्ट्रहरु इजरायलको निन्दनीय कार्यमा पनि मौन बस्नुबाट मानवताको लागि इजरायल भविष्यमा खतरनाक साबित हुनेछ । यो पश्चिमा राष्ट्रकै लागि पनि भोलीका दिनमा विश्व राजनीतिमा इजरायलको दबदबामा रहनु पर्ने स्थितिको सिर्जना हुनेछ ।

मानवअधिकारको गम्भीर उल्लंघन

सन् १९४९ को जेनेभा सन्धिले युद्धपीडित जनतामाथिको सुरक्षालाई आधारभूत मानव अधिकारको रूपमा सुनिश्चित गरेको छ । तर गाजामा भइरहेको व्यवहार - चाहे राहत अवरुद्ध गर्ने नीति होस् वा राहत लिन गएका नागरिकहरूलाई गोली हान्ने कार्य - दुवै मानवीय मर्यादाको घोर उल्लंघन हुन् ।

अझ चिन्ताजनक पक्ष यो हो कि यस घटनामा अमेरिकासमेत अप्रत्यक्षरूपमा संलग्न रहेको देखिएको छ । यदि अमेरिकी संस्थाबाट राहत वितरण गरिँदै थियो भने, तिनका सुरक्षा संयन्त्रहरूले यस्ता क्रियाकलाप गर्न दिनु हुन्नथ्यो । यस्ता घटनाले अमेरिकी भूमिका र नियतप्रति पनि गम्भीर प्रश्न उठाउँछ ।

गाजामा राहत वितरणमै नागरिकलाई गोली हानिनु केवल युद्ध रणनीति नभई सोझै नरसंहारतर्फ उन्मुख प्रवृत्ति हो । यसले इजरायलको सुरक्षा सोच, प्यालेस्टाइनीहरूलाई हेर्ने दृष्टिकोण, र अन्तर्राष्ट्रिय समुदायको मौनतालाई पुनः प्रश्नको घेरामा ल्याएको छ ।

प्यालेस्टाइनी जनतालाई 'मानव'को दृष्टिकोणले नहेर्ने नीति, तिनका जीवनको मूल्य नमान्ने व्यवहार, र 'सुरक्षाको नाममा' गरिएको अन्धाधुन्ध हिंसा मानवता विरोधी अपराध हुन् । आज आवश्यक छ कि अन्तर्राष्ट्रिय समुदाय, विशेषतः राष्ट्रसंघ, मानवअधिकार परिषद् र क्षेत्रीय शक्तिहरूले निष्पक्ष, साहसी र दण्डमूलक कदम चालून् - किनकि गाजामा भइरहेको घटनामा 'मौन' रहनु स्वयं सह-अपराध बन्नु हो ।

कुकुरसँग बस्दै भुक्न थाले ८ वर्षीय बालक

एजेन्सी । थाइल्याण्डको उत्तरादित प्रान्तमा एक हृदयविदारक घटना सार्वजनिक भएको छ, जहाँ एक ८ वर्षीय बालक वर्षौंदेखि आफ्नै आमाको बेवास्ता र लागूपदार्थ दुर्व्यसनको कारणले कुकुरहरूसँग बस्न बाध्य भएका थिए । लामो समयसम्म कुकुरको संगतमा रहेका ती बालक अहिले मानिससँग बोल्न नजानी कुकुरझैं भुक्न थालेका छन् ।

बाल अधिकार संरक्षणमा क्रियाशील संस्था फाउन्डेशन फर चिल्ड्रेन एन्ड वुमेन की अध्यक्ष पाविना होङसाकुललाई उत्तरादितस्थित लाप लाए जिल्लाको एक विद्यालयका प्रधानाध्यापकले बालकको अवस्थाबारे जानकारी गराएपछि घटनाको सार्वजनिक उजागर भएको हो ।

प्रधानाध्यापकका अनुसार ती बालकलाई उनकी आमा एकपटक मात्रै विद्यालय ल्याएकी थिइन् र त्यो पनि सरकारी सहयोग प्राप्त गर्ने उद्देश्यले । त्यसपछि उनले छोरालाई न त विद्यालयमा भर्ना गरिन्, न त घरमै स्याहार गरिन् । आमाको उपेक्षा र दाजुको बेरुखी व्यवहारका कारण बालक घरभित्रै पनि एक्लिएका थिए । सान्त्वना र सुरक्षा खोज्दै ती बालक गाउँमा रहेका भुस्याहा कुकुरहरूको समूहसँग बस्न थाले । समयक्रममा उनले कुकुरसँगै खेल्न, खान र सुत्न थाले । यत्तिसम्म कि उनले बोल्नै छोडेर कुकुरको बोली नक्कल गर्न थाले – भुक्न थाले ।

घटनाबारे सूचना पाएपछि पाविना होङसाकुलले स्थानीय प्रहरीसँग समन्वय गरी छानबिन अघि बढाइन् । अनुसन्धानमा बालकको ४६ वर्षीया आमा र २३ वर्षीय दाजु दुवै लागूपदार्थ दुर्व्यसनमा लिप्त रहेको पुष्टि भयो ।

छिमेकीहरूका अनुसार ती महिला प्रायः मागेर खाने गर्थिन् र लागूपदार्थ सेवनका कारण समाजबाट टाढिएकी थिइन् । यस्तो अवस्था देखेर अन्य बालबालिकाले पनि ती बालकसँग खेल्न छाडेका थिए ।

हाल ती बालकको उद्धार गरी उत्तरादित बाल गृहमा राखिएको छ । उनी बोल्न नसक्ने अवस्थामा रहेकाले विज्ञहरूको सहयोगमा उनलाई फेरि मानव भाषा सिकाउने प्रयास भइरहेको छ । थाई सरकारले बालकको औपचारिक शिक्षा सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ ।

गोपनीयताका कारण बालकको नाम भने सार्वजनिक गरिएको छैन ।

– थाई पत्रिका 'खाओसोद' का आधारमा

थिमि टाइम्स साप्ताहिक

– छिमेकी तथा आफना साथीभाइको निन्दा गर्ने बानी परापूर्व कालबाटै मानिसको मनोरंजनको विषय बन्दै आएको छ ।

- प्रेमचन्द

सम्पादकीय

डुबान काठमाडौं उपत्यकाको नियति बन्नुमा दोषी को ?

काठमाडौं उपत्यकाका नदी किनारामा डुबानको समस्या बढ्दै गएको देखिएको छ । तर बाढीको यो समस्या भने प्राकृतिकभन्दा बढी मानवनिर्मित समस्याको रुपमा देखिन्छ । पछिल्ला वर्षहरूमा उपत्यकाभित्रका नदीहरूमा बाढीको समस्या तीव्र हुँदै गएको देखिन्छ । तर जलवायु तथ्यांकले भने वार्षिक वर्षाको औसतमा खासै परिवर्तन आएको देखाउँदैन । यसको अर्थ, बाढीले निम्त्याएको विनाश यहाँकै बासिन्दाहरुका कारण आफैंले निम्त्याएको समस्या हो । तर पनि यसलाई नदीको कारण देखाउँदै दोष थोपर्ने कार्य सरकारमा बस्ने र आम सर्बसाधारणको ठम्याई रही आएको छ ।

नदी किनार मिचेर गरिएको अनियन्त्रित बस्ती विस्तार र जमिनको पानी सोस्ने प्राकृतिक स्वरुपमा सिमेन्टेड ढलान र कक्रिटको संरचनाको विकासले बाढीको जोखिम बढाएकोमा भने कसैले चासो दिएको देखिदैन । जब पानी जमिनले सोस्न सक्दैन, त्यो सिधै बगेर नदीमा पुग्छ । तर नदीको बहाव क्षेत्र साँघुरो भएकाले पानीको बेग तीव्र हुनुका साथै नदीका दाँया बायाँ बग्न थाल्छन्, जसले घर तथा अन्य संरचनामा क्षति पुऱ्याउँछ ।

यही सन्दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले चोभारको गल्छीमा रहेको प्राकृतिक चट्टान नदीको बहावमा अवरोध बनेको ठहर गरेको थियो । यसकै आधारमा गल्छी फराकिलो बनाउने चर्चा पनि भयो । यो समाचार सार्वजनिक भएपछि स्थानीय समुदायले चोभारको गल्छी भत्काउने प्रयास भइरहेको भन्दै सरकारको आलोचन गर्दै आक्रोश प्रकट गरे ।

स्थानीयले गल्छी ऐतिहासिक र धार्मिक दृष्टिकोणले महत्वपूर्ण भएको भन्दै चट्टान नछुन चेतावनी दिए । सामाजिक सञ्जालमा विषय अतिरञ्जित हुँदै गएपछि सहरी विकास मन्त्रालयले गल्छी चौडा गर्ने वा चट्टान हटाउने कुनै योजना नरहेको स्पष्टिकरण दिनुपऱ्यो ।

यो घटनाले सरकार र समाज दुवैलाई गम्भीर पाठ सिकाएको छ– तथ्यबिनाको सूचनामा विश्वास गर्नुको खतरा । साथै, कुनै पनि विकास योजनामा स्थानीय भावना र भूगर्भीय संवेदनशीलता बुझेर अघि बढ्नुपर्ने कुरा पनि प्रष्ट भएको छ ।

विशेषज्ञहरूको चेतावनीअनुसार, चोभार गल्छीमा रहेका चट्टान हटाउने प्रयास गम्भीर भूगर्भीय असरसहितको आत्मघाती कदम हुन सक्छ । विस्तृत वैज्ञानिक अध्ययनबिना यस्तो प्रयास गर्नु अस्वीकार्य हुनुका साथै खतरनाक पनि हुनेछ । साथै यसले शहर भित्रको समस्यालाई समाधान गरे पनि त्यसभन्दा बाहिर पुनः त्यही समस्या निम्त्याउने खतरा रहन्छ । हाल एक स्थानको समस्याको समाधान हुने बितिकै पुनः त्यस भन्दा पर त्यही प्रकृतिको अर्को समस्या देखिने गरको छ । यसरी सरकार र सरकारमा बस्नेहरुको मनोविज्ञानमा नै तत्कालको समस्या मात्र सुल्झाउने र त्यसले दीर्घकालिन रुपमा पुऱ्याउने असरको बारेमा नसोच्ने प्रवृतिकै कारण पनि उपत्यकामा वर्षाको समयमा समस्या देखिएको हो ।

अर्कोतर्फ, नदीको बहाव क्षेत्र मिचेर गरिएको बस्ती विकास रोक्न र नदी किनारको संरक्षणलाई प्राथमिकता दिन नसके उपत्यकामा डुबान र बाढी अब नियमित रूपमा हरेक वष दोहोरिने निश्चित छ ।

अब पनि समय छ – आत्मघाती गल्ती दोहोऱ्याउनुको सट्टा दीर्घकालीन सोच र वैज्ञानिक अध्ययनमा आधारित योजनामा लाग्ने । अन्यथा, काठमाडौं उपत्यका भविष्यमा पनि वर्षेनी डुबानमा परिरहनेछ ।

एसईईका बहुआयाम र "घोकन्ती विद्या धावन्ती खेती"

● *प्रेम गैरे क्वान्टम*

एसईईको नतिजा राष्ट्रिय परीक्षा बोर्डले प्रकाशनमा ल्याउँदा एकाध हप्ता नेपाली समाज तरंगित र व्यस्त बन्यो। एसएलसीदेखि एसईईको यात्रासम्म हामीले त्यही देखेका छौँ। वर्गीय समाजमा खुशीको स्तर वर्गीय हुनु अस्वाभाविक होइन। अन्यथा नमान्नुहोला, ४-३.६, ३.६-३.२, ३.२-२.८, २.८-२.४, २.४-२.०, २.०-१.६, र ननग्रेडेडजस्ता ग्रेड र अंक पुँजीवादले पैसाको मुठोसँग साट्ने 'एसईईमय' खुसीयालीका उचनिच ग्रेड हुन्। 'हुनेहरू'को खुसी माथिल्लो ग्रेडको हुन्छ। 'नहुने'हरूको एवं रितले खस्कँदै तलसम्म पुग्छ। करिब डेढ सय वर्षअघि अर्थात् वि.सं. १९३६ मा राज्यबाट सम्पूर्ण खर्चको व्यवस्थापनसहित मेट्रीकुलेसनको परीक्षामा सामेल हुन कलकत्ता विश्वविद्यालय पटाइएका जंगबहादुर राणाका भतिज खड्कशमशेरले सँगालेका उत्सुकता र उत्साहमय अनुभव एआई कालिन एसईईसम्म आइपुग्दा समेत निम्न वर्गीय तप्काको अधिक मानिसका कुनै पनि पुस्ताले अनुभूत गर्न पाएको छैन। तैपनि हामी अचम्मित हुँदैनौ किनकि यस्तो जनसाङ्ख्यिकी नेपाली सरहदमा बाक्लो नै छ।

ऐतिहासिक पृष्ठभूमि

१९९० सालदेखि २०६१ सालसम्मको कथित बोर्ड टपरहरूको लहरलाई मिहिन ढंगबाट विश्लेषण र संश्लेषण गर्दा वर्गीयता, धार्मिक सत्ता, पितृसत्ता, जात व्यवस्था, क्षेत्रीयता र प्रतिस्पर्धाको डन्डा चलाइरहने तीव्र-उत्पिडनकारी राज्य व्यवस्थाद्वारा संरक्षित शिक्षा प्रणाली नै देखिँदो रहेछ। २०७२ सालदेखि अस्तित्वमा ल्याइएको एसईई अर्थात् माध्यमिक शिक्षा परीक्षाको एक दशकको तथ्यांक हेर्दासमेत उत्पीडितहरू बदहालमै छन्। नेपालको विद्यमान शिक्षा प्रणालीले निम्त्याएका खराबीहरूलाई प्रष्ट्याउने जमर्को यहाँ गरिन्छ।

वर्गीयता- १९९० सालको मेट्रीकुलेसनदेखि २०८१ सालको एसईईका तथ्यांकीय दस्तावेज सरसर्ती हेर्दा पनि उच्च वर्गीय घनघोर उत्पीडनले निम्न वर्गीय मानिसलाई निरन्तर डामिरहेको देखिन्छ। कलकत्तादेखि पटनासम्म, दार्जिलिङदेखि देहरादुनसम्म, ठुलादेखि साना शहरमा संचालित महँगा निजी विद्यालयहरूसम्म जुनै सामाजिक व्यवस्था (क्रमशः राणा शासन, प्रजातन्त्र, पञ्चायत, बहुदल र गणतन्त्र) भए पनि उही आर्थिक सम्पन्नता र साधन स्रोतले मैमत्त वर्गले नै शिक्षा क्षेत्रमा अविच्छिन्न राईदाई गरिरहेको छ। निश्चित शासक वर्गको कब्जामा रहेको शैक्षिक क्रियाकलाप र उपलब्धि स्वयं तिनकै दम्भ प्रदर्शन र आत्मरतिको खेल बन्न पुग्यो। करिब एक शताब्दीसम्म पनि रूपमा परिवर्तित तर सारमा उही हालतमा शैक्षिक क्षेत्र रहनुले के पुष्टि गर्छ भने वर्गीय समाज जीवित रहेसम्म शोषक वर्गको शोषणको हतियारको रूपमा 'शिक्षा'ले पनि काम गरिरहँदो रहेछ।

एकल धार्मिकता

नेपालको शिक्षा क्षेत्र मूलतः गुरुकुलीय परम्परामा आधारित भएकोले यसमा एकल धार्मिक प्रभाव जबर जस्त रहनु अस्वाभाविक होइन। तर राज्य स्तरबाट युगौँसम्म कुनै एकल धार्मिक आस्थामा आधारित शिक्षा पद्धतिलाई बलात् लागू गरिरहनु आगामी पुस्तालाई पक्षघातको स्थितिमा पुऱ्याउनु हो। संवैधानिक रूपमा देश धर्म निरपेक्ष भइसक्दा पनि शिक्षालयहरूमै एकल धार्मिक अनुष्ठान या कर्मकाण्ड गर्दा अन्य धर्मावलम्बीका विद्यार्थीलाई कस्तो असर पर्छ? सबैको या कसैको पनि धार्मिक कर्मकाण्ड र अनुष्ठान आजको युगमा, त्यसमा पनि विद्यालयमा उचित होइन, तर देवी देउताको पूजापाठले नै विद्या सफल हुन्छझैं गरी विद्यालयमा 'विद्या अनुष्ठान' जारी छ। पूजापाठ गरेपछि 'विद्याकी देवी' खुसी भई सहजै विद्या प्रदान गर्छिन् भन्दै त्यस्तो अन्धविश्वास कलिला मस्तिष्कमा रोप्ने अभ्यास जारी छ।

जहाँसम्म घरपरिवारकै 'जिउँदा देवी'को कुरा छ, १९९० मा एसएलसी परीक्षा बोर्ड (प्रवेशिका परीक्षा)को गठन हुँदा कुल ३४ जना विद्यार्थीमध्ये केवल १ जना मात्रै महिला विद्यार्थी थिइन्। करिब १०० वर्षअघि शैक्षिक क्षेत्रमा महिला पुरुष प्रतिनिधित्वको अनुपात १:३३ देखिन्छ। उक्त कालखण्ड अघि त महिलाको पहुँच शून्य नै थियो। नब्बेको दशकमा योगमायाको नेतृत्वमा बुलन्दी पारिएको पितृसत्ता/कर्मकाण्ड-शोषण विरुद्धको प्रतिरोधी कार्यक्रमका तिनको मागहरूको उपेक्षा र दमन गरियो। १९९८ असार २२ का दिन सामूहिक आत्महत्या गर्न दुरुत्साहन गर्ने राज्यसत्ता कुन हदसम्मको महिलाद्वेषी थियो भन्ने आकलन सहजै गर्न सकिन्छ। एकल धार्मिक राज्यसत्ताले आर्थिक, राजनीतिक एवं सांस्कृतिक क्षेत्रमा महिलाको भूमिकालाई कति किनारीकृत गरेको रहेछ भन्ने यी र यस्तै वियोगान्त ऐतिहासिक परिघटनाले सिद्ध गर्छन्।

जंगबहादुरको बेलायत भ्रमणपश्चात्, १९१० को मुलुकी ऐन निर्माणले लिखितम् रूपमै वैधानिक बाटोबाट जात व्यवस्था लागू र स्थापित गरियो। जहानियाँ राणा शासनको एक शताब्दीभन्दा लामो कालखण्ड हेर्दा पनि दलित समुदायको स्थिति 'कालो अक्षर भैँसी बराबर'मात्रै नभई पशुतुल्य जीवन थियो। एक तहको मानवीय जीवन जिउने अवसर ००७ सालको परिवर्तनपश्चात् पाएका हुन्। त्यहाँबाट यहाँ आइपुग्दासमेत, सरकारी तथ्यांक विभागले चालीस प्रतिशत दलित महिला निरक्षर रहेको तथ्य भर्खरै सार्वजनिक गर्दासमेत लज्जाबोध नहुने सरकार हामीले भोलिरहेका छौँ। सदियौँददेखि आरनमा धातु पगाल्ने र पोसाक निर्माणलगायत ज्ञानबाट प्रशिक्षित दलित समुदायको ज्ञान, अनुभव र पद्धतिलाई संश्लेषण गर्नेतर्फ राज्यले रुचि देखाएको भए विज्ञान प्रविधिको विकास र वैज्ञानिकको संख्या आक्रामक ढङ्गले अगाडि बढ्ने थियो। उल्टै समाजका शिल्पी र वैज्ञानिक समुदायलाई छोइछिटोको व्यवस्थापनमै लागिरह्यो राज्य।

हालको नेपाल भूखण्डमा विकसित सभ्यता र संस्कृतिमा वैभवशाली आदिवासी-जनजाति अर्थात् उत्पीडित राष्ट्रहरूलाई उनीहरूको भाषा र रैथाने मौलिक ज्ञानबाट बेदखल बनाउँदै लगियो। शासक वर्गको एकांकी ज्ञानमिमांसामा धकेलेर जात व्यवस्थाको कुटिल संरचनाको साँचोमा ढालियो। उचनिचमय जातको हिसाबकिताब खोज्दै आफ्नो भाषा बिरानो र संस्कृति नौलो लाग्ने अवसादको मनस्थितिमा उत्पीडित राष्ट्रहरूलाई पुऱ्याइयो। जन्मिँदादेखि रक्सी बनाएको देखेर र सीप जानेर समेत हुर्केको जनजाति बालकको ज्ञानलाई 'डिस्टिलेसन प्रक्रिया'सँग जोडेर मौलिक पाठ्यक्रम तयार पार्ने चेतना स्तरमा यो राज्य कहिले पुग्ने होला?

क्षेत्रीयता

हाम्रो शिक्षा प्रणाली पहाडिया अन्धराष्ट्रवाद र काठमाडौँवादी छ। यस्तो औपचारिक शिक्षा प्रणालीले हिमाल, मधेस र खसान क्षेत्रलाई प्रबोधनात्मक अवसरबाट च्युत बनाएर आतंकित मनस्थितिमा पुऱ्याइदिएको छ। भारतीय उपमहादिपको 'आयुर्वेद' र तिब्बती पठारको 'सोवारिग्पा' उपचार पद्धतिलाई विद्यमान शिक्षा प्रणालीले बराबर आँखाले हेर्नू पर्ने हो, तर त्यसरी हेर्दैन। "मुहुरले धान खायो" उत्तर लेख्ने थारुभाषी र "मुसाले धान खायो" उत्तर लेख्ने खसनेपालीभाषी विद्यार्थीले बुझ्ने विषयवस्तु एउटै हो। "माडौमा पूजा गरिन्छ", "ठानमा पूजा गर्छ ", "माङहिममा पूजा हुन्छ ", "मन्दिरमे पूजा कैल जाइत अछि" क्रमशः खस, मगर, किराँत र मैथिलीभाषीले लेख्दा वा बोल्दा अशुद्ध वा खिसीटिउरीको विषय बन्नु र एसईईको परीक्षा प्रणालीले यी विविधता नचिन्नु वा तिनको उपेक्षा गर्नु सदासर्वदा गलत र अन्यायपूर्ण काम हो। एससीईईमा त्यही भइआएको छ।

प्रतिस्पर्धात्मकता

असमान वितरण प्रणालीले आजको समाज असमान छ, अवसर पनि असमान हुने नै भयो। सीमित स्रोत साधनमाथि निश्चित वर्गको हाली मुहालीका कारण आर्थिक, राजनीतिक र सांस्कृतिक हिसाबले बहुसंख्यक जनता उत्पीडित छन्। यस्तो दुरावस्थामा कसरी 'हुने र नहुने वर्ग'बीच प्रतिस्पर्धा हुन सक्ला? यस्ता प्रकारका भिडन्तमा हुनेहरू स्वतः विजयी र नहुनेहरू विजित हुने पक्कापक्की हुन्छ। "साँढेको जुधाई, बाच्छाको मिचाई" हुन पुग्छ यस्ता 'प्रतिस्पर्धा'।

संश्लेषित ज्ञानको भुङ्गोमा बाल मस्तिष्कलाई धकेलिदिएर प्रतिस्पर्धात्मक चेतको विकास गर्ने र एकले अर्कोलाई उच्छेदन गर्दा आनन्द महसुस हुने यन्त्र-मानव उत्पादन र पुनःउत्पादनको दुष्चक्र चलिरहेको समाजमा। यस्तोमा, नविनतम् ज्ञान निर्माण र मानव विकासको शृङ्खला नै अवरुद्ध हुने स्थितिको सन्निकट छ मानव समुदाय। पुस्ता-दर पुस्ता शिक्षा क्षेत्रमा पकड र साधन स्रोतले सम्पन्न परिवारको कुनै विद्यार्थी र निरक्षर साथै गरीब पारिवारिक पृष्ठभूमि भएको अर्को विद्यार्थी संयोगले एउटै विद्यालय अध्ययन गर्ने मौका पाए भने पनि तिनको प्रतिस्पर्धात्मक कसरी समान होला? कमजोर समुदाय/वर्गबाट आएको विद्यार्थी उत्साहित वा आतंकित मनस्थितिमा विद्यालय कोठामा छिर्ला? सहजै अनुमान गर्न सकिन्छ।

उल्लेखित सामाजिक अन्तर्विरोधहरूलाई कुनै पनि एसईई वा माथिल्लो स्तरको शैक्षिक पाठ्यक्रममै किन समावेश गरिँदैन? एसईई सकेका विद्यार्थी साथीहरूले यो प्रश्न जोडतोडका साथ उठाउनु पर्ने बेला आएको होइन? आलोचनात्मक चेतको न्यूनीकरण र अनुमोदक चेतको बढोत्तरीद्वारा अबको पुस्ताले नयाँ समस्याको नयाँ उत्तर ठम्याउने स्थितिमा पुग्न सक्ला त? जति सामाजिक-आर्थिक रूपमा समृद्ध भयो, उति उत्कृष्ट कहलिने, महिलालाई गुमराहमा पारेर पुरुषले अवसर हडप्ने, कथित उच्च जात शासक र अन्य शासित हुने, पहाडियाले हिमाली र मधेसीलाई छिर्के हान्ने, काठमाडौँ निवासीले कर्णाली पारीका मानिसलाई मानिसको दर्जामा गन्ती नगर्ने र प्रतिस्पर्धामा कमजोरलाई बलियोले पछार्ने र विदेशी गल्ली चहार्ने नवपुस्ता उत्पादन गर्ने अलावा अरू केही हुती राख्दैन विद्यमान शिक्षा प्रणाली।

'घोकन्ती विद्या धावन्ती खेती' अवधारणाद्वारा प्रशिक्षित भएर कुनै विद्यार्थी सुगा रटाइको डिग्रीमा अब्बल ठहरिएला, परन्तु तार्किक क्षमताको परीक्षामा उसले दश पुल्टुङ खाने निश्चित प्रायः छ। आत्मकेन्द्रितको विलोममा समाज केन्द्रित अवधारणाद्वारा निर्देशित सचेतताले मात्रै सहयात्रात्मक शिक्षण पद्धतिको विकास र प्रवर्द्धन गर्न सक्छ।

संकुचित ज्ञानमिमांसाको फलकलाई विस्तारित गर्नुपर्ने भएको छ। विद्यार्थीको रुचि र क्षमताअनुरूप विज्ञान र प्रविधिमा आधारित अन्वेषणात्मक, अनुसन्धानात्मक, विश्लेषणात्मक, प्रयोगात्मक र सिर्जनात्मक शिक्षा पद्धतिको विकास गर्न अत्यावश्यक छ। अन्यथा, बहुसंख्यक उत्पीडित वर्गको रोदनयुक्त आँसु-आहालको बीचमा ठडिएको अग्लो धरहराको टुप्पोमा बसेर मुट्ठीभरका मनमौजी शोषक वर्गले बर्सेनि औपचारिक शिक्षाका अनेकन् परीक्षाहरूको नाटक मञ्चन गर्दै र स्वघोषित सर्वोत्कृष्ट प्रमाणित गर्दै हाम्रै रमिता हेरिरहने छन्।

उकालोबाट

पूर्वाधारदेखि पर्यटनसम्म चाँगुनारायण नगरपालिकाको तीन वर्षे यात्रा: उपलब्धि र चुनौती

भक्तपुर । चाँगुनारायण नगरपालिकाका जनप्रतिनिधिले कार्यभार सम्हालेको तीन वर्षे अवधिमा (२०७९-२०८१) नगरमा भौतिक, सामाजिक र सांस्कृतिक क्षेत्रहरूमा उल्लेखनीय प्रगति भएको दाबी गरिएको छ ।

नेपाल पत्रकार महासंघ भक्तपुर शाखाको आयोजनामा नगरकोटमा आयोजित अन्तरक्रियामा नगर प्रमुख जीवन खत्री, उपप्रमुख रमेश बुढाथोकी, वडा अध्यक्षहरू, प्रशासकीय अधिकृत तथा सरोकारवालाहरूले विगत तीन वर्षको मूल्यांकन प्रस्तुत गर्दै, योजनाबद्ध विकास र सामाजिक समावेशीताको दिशामा सशक्त पाइला चालिएको दावी गरे ।

पूर्वाधार विकासमा फड्को

नगरले तीन वर्षको अवधिमा नगरभित्रका प्रमुख सडकहरू कालोपत्रे, ढुङ्गा छाप्ने र सुदृढीकरण कार्य सम्पन्न गरेको जनाएको छ । सैनिक व्यारेक-छालिङ, सरस्वती मन्दिर-सोमथली, कमलविनायक-नगरकोट सडक लगायतका मार्गहरूमा सुधार गरिएको छ ।

वडा नं. १ मा सामुदायिक भवन, वडा कार्यालय र व्याडमिन्टन हल निर्माण, विभिन्न स्थानमा फुटपाथ निर्माण तथा नाली व्यवस्थापनजस्ता कामहरू सम्पन्न गरिएको बताइएको छ ।

शिक्षा र क्षमतामा लगानी

नगरपालिकाले पहिलोपटक ७३ जना युवालाई लोकसेवा तयारी कक्षा सञ्चालन गर्नुका साथै श्रेणीविहीन कर्मचारी र महिलाहरूका लागि विशेष तालिमहरू सञ्चालन गरेको छ ।

विद्यालयस्तरमा सरसफाइ र खानेपानी सचेतना कार्यक्रम, विद्यालय पोशाक वितरण, दिवा खाजा अनुदान, छोरी बचत खाता अभियान तथा माध्यमिक तहको नतिजा सुधार पहल अनुकरणीय रहेको बताइएको छ ।

संस्कृति संरक्षण र प्रवर्द्धन

पुराना ढुङ्गेधारा, विराट स्वरूप मन्दिर, फल्चा पुनःनिर्माणजस्ता संरचना संरक्षण गरिनुका साथै वागमती प्रदेशस्तरीय धिमे वाजा प्रतियोगिता, खुला नृत्य प्रतियोगिता जस्ता कार्यक्रमको आयोजनाबाट स्थानीय संस्कृति र परम्पराको जगेर्ना गरिएको छ ।

पर्यटन प्रवर्द्धन नयाँ युगतर्फ

'नगरकोट भ्रमण वर्ष २०८२' को उद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलबाट गरिएको उल्लेख गर्दै नगरपालिका र सरोकारवाला निकायहरू मिलेर साइक्लिङ, पदयात्रा तथा प्रचार कार्यक्रम सञ्चालन गरिएको छ । नगरकोट, चाँगुनारायण मन्दिर लगायत क्षेत्रको समग्र पर्यटन विकासलाई केन्द्रमा राख्दै कार्यक्रमहरू अघि बढाइएको जनाइएको छ ।

तर, सरोकारवालाहरूले भ्रमण वर्षको घोषणा पूर्वाधार तयारी नहुँदै गरिएको भन्दै आलोचना पनि गरेका छन् । सडकबाहेक अन्य पूर्वाधार–पेयपानी, सार्वजनिक शौचालय, फोहोर व्यवस्थापन, ट्राफिक व्यवस्थापन, पार्किङ आदिको अभावले भ्रमण वर्ष प्रचारमै सीमित हुने चिन्ता व्यक्त गरिएको छ ।

स्वास्थ्य र सेवा विस्तार

छालिङ स्वास्थ्य चौकीलाई जिल्लामै उत्कृष्ट बनाउनु, चाँगुनारायण अस्पतालको चौथो वार्षिकोत्सवमा स्वास्थ्यमन्त्रीको सहभागिता, छात्राहरूलाई स्यानिटरी प्याड वितरण, पदालीमा शहरी स्वास्थ्य केन्द्र स्थापना तथा रक्तदान सेवा सहज बनाउन रेडक्रससमार्फत निःशुल्क रगत उपलब्ध गराउने व्यवस्था नगरपालिकाको उपलब्धि मानिएको छ ।

महादेव खोला खानेपानी आयोजना, कृषि औजार वितरण, स्मार्ट सिटी कार्ययोजना, भू-प्रविधि प्रवर्द्धन, कानुन संगालो प्रकाशन, युवा नगरसभा सञ्चालन जस्ता कार्यक्रमहरूले नगरपालिका योजनाबद्ध रूपमा अघि बढेको संकेत गर्छन् ।

मूल्याङ्कनमा इभि स्कोर ९२.५% र एफआरए स्कोर ८७% प्राप्त गर्नु पनि नगरको सुशासन र संस्थागत क्षमताको सूचकका रूपमा प्रस्तुत गरिएको छ ।

अवैध वालुवा खानी र नगरपालिका मौन

नगरको उपलब्धिभित्र केही गम्भीर चुनौती पनि देखिएका छन् । मनोहरा, चाँगुनारायण लगायत क्षेत्रमा विनाअनुमति भइरहेको वालुवा उत्खनन, मध्यरातमा टिपर सञ्चालन, धुलो तथा ध्वनि प्रदूषणका कारण वातावरणीय असन्तुलन र जनस्वास्थ्यमा असर पुगेको स्थानीयको गुनासो छ ।

पत्रकार तथा स्थानीयको निरन्तर निगरानीका बाबजुद पनि पालिकाले यसबारे ठोस कदम नचालेको भन्दै आलोचना गरिएको छ ।

सञ्चारकर्मीको सुझाव र नगर प्रमुखको प्रतिबद्धता

कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूले विकासमा देखिएको असन्तुलन, योजनाको पूर्वतयारीको अभाव, वातावरणीय जोखिम र संवादहीनताप्रति चिन्ता व्यक्त गर्दै, पारदर्शिता र जवाफदेहिताको माग गरेका थिए ।

जवाफमा नगरप्रमुख खत्रीले बाँकी कार्यकालमा समावेशी, योजनागत र उत्तरदायी विकासलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्दै तथ्यमा आधारित पत्रकारिताका लागि आग्रह गरे ।

कार्यक्रममा उपप्रमुख रमेश बुढाथोकी, कार्यकारी प्रमुख मोहन श्रेष्ठ, पत्रकार महासंघ अध्यक्ष सुन्दर शिल्पकारलगायतले पनि सञ्चारकर्मीको निगरानी र सकारात्मक भूमिकाले सुशासन प्रवर्द्धनमा सघाउने विश्वास व्यक्त गरे ।

चाँगुनारायण नगरपालिकाले तीन वर्षको अवधिमा पूर्वाधार, शिक्षा, स्वास्थ्य, संस्कृति र पर्यटनमा केही सकारात्मक उपलब्धि हासिल गरे पनि पूर्वतयारीबिना घोषणा गरिएका योजना तथा अवैध दोहनजस्ता समस्याले ती उपलब्धिमा प्रश्न उठाउने वातावरण बनाएको छ । अब बाँकी कार्यकाल योजनागत सोच, निष्पक्ष कार्यान्वयन र उत्तरदायी नेतृत्वद्वारा सन्तुलित विकासको दिशामा अघि बढ्नुपर्ने

एआईको सदुपयोगका लागि आफैलाई सोध्नुस् यी ४ प्रश्न

आजको प्रविधिमैत्री युगमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) दैनिक जीवनका धेरै पक्षमा प्रवेश गरिसकेको छ। गृहकार्य गर्न, अन्तर्वार्ताका उत्तर तयारी गर्नदेखि लिएर मानसिक स्वास्थ्य सल्लाह लिन समेत एआई प्रयोग हुन थालेको छ। लगातार रूपमा एआईमा तीव्र प्रगति भइरहेको छ, र प्रमुख प्रविधि कम्पनीहरू यसमा अरबौँ डलरको लगानी गर्दै प्रतिस्पर्धामा होमिएका छन्।

च्याटजीपीटी जस्तो एआई मोडल सुरु भएको केही दिनमै करोडौँ प्रयोगकर्तामा फैलिएको छ। संयुक्त राष्ट्रसंघ, युरोपेली युनियनलगायतका संस्था सहभागी रहेको अन्तर्राष्ट्रिय एआई सेफ्टी रिपोर्टअनुसार, यसको विकास गतिको कीर्तिमानी छ। माइक्रोसफ्टले सुरू गरेको को-पाइलट प्रणालीको आम्दानी २०२५ को दोस्रो त्रैमासिकसम्म १० अर्ब डलर नाघ्ने अपेक्षा गरिएको छ। गुगलले पनि आफ्नो खोज प्रणालीमा एआई जेनरेटेड सारांश प्रस्तुत गर्ने 'ओभरभ्युज' फिचर थपिसकेको छ।

एआई भविष्यमा अझ गहिरो रूपमा हाम्रो जीवनसँग गाँसिने निश्चित देखिएको छ। त्यसैले यसको सही र सुरक्षित प्रयोगका लागि केही महत्त्वपूर्ण कुराहरूमा विचार गर्नु आवश्यक छ। क्यानडाका कम्प्युटर वैज्ञानिक तथा हगिङ फेस स्टार्टअपकी क्लाइमेट लिड साशा लुचिओनी भन्छिन्– "एआई हाम्रो कामलाई विस्तार गर्ने औजार हो, तर यसलाई सन्तुलित र सचेत रूपमा प्रयोग गर्नु जरुरी छ।" उनले एआईको प्रभावकारी प्रयोगका लागि प्रयोगकर्ताले आफैँलाई चारवटा प्रश्न सोध्नुपर्ने सुझाव दिन्छिन्।

१. के तपाईंको आवश्यकता पूरा गर्न यो उपयुक्त एआई टुल हो?

एआई प्रणालीहरू विभिन्न खालका कार्यका लागि डिजाइन गरिएका हुन्छन्। कतिपय टुलहरू सामान्य प्रयोजनका हुन्छन् भने केही विशिष्ट क्षेत्रका लागि बनाइएका हुन्छन्–जस्तै, गणित समस्या समाधान गर्न, विज्ञानसम्बन्धी प्रश्नहरूको उत्तर दिन, वा भाषा अनुवाद गर्न।

त्यसैले, सबैभन्दा लोकप्रिय एआई प्रयोग गर्नु अघि, आफ्नो आवश्यकताअनुसार उपयुक्त र दक्ष टुल छनोट गर्नु बुद्धिमानी हुन्छ। बजारमा गणित समाधान गर्ने, रेसिपी सुधार्ने, वा धार्मिक मन्त्र सुझाव दिने जस्ता थुप्रै उपयोगी एपहरू उपलब्ध छन्।

२. के एआईले दिएको जानकारी भरपर्दो छ?

एआईले दिने उत्तर सधैँ सही वा तथ्यमा आधारित नहुन सक्छ। कतिपय अवस्थामा 'विश्वसनीय' देखिने गलत उत्तरहरू दिन सक्छ। स्कूल, काम वा महत्त्वपूर्ण निर्णयमा प्रयोग गर्दा यसले भ्रम सिर्जना गर्न सक्छ।

त्यसैले, एआईको उत्तरलाई आलोचनात्मक सोचका साथ परीक्षण गर्नु आवश्यक हुन्छ। स्रोत मिलाउनुहोस्, दोहोर्याएर पढ्नुस् र आफूले पाएको जानकारीप्रति सजग रहनुस्।

३. तपाईं एआईलाई कस्तो जानकारी दिँदै हुनुहुन्छ?

एआई मोडलहरूले ठूला मात्रामा डेटा सङ्कलन गर्छन्। तपाईंले दिएको व्यक्तिगत जानकारी–फोटो, लेख, वा कुनै संवेदनशील विषय–उनीहरूले भविष्यमा मोडल सुधार गर्न प्रयोग गर्न सक्छन्।

त्यसैले गोपनीयता नीतिहरू बुझेर मात्र प्रयोग गर्न सुझाव दिइन्छ। संवेदनशील जानकारी–जस्तै व्यक्तिगत चिनारी, परीक्षा सम्बन्धी विवरण, वा यौनिकता–जस्ता विषयमा सजग रहनुपर्छ। केही प्रयोगकर्ताले सोधेका प्रश्नहरू अञ्जानमै सार्वजनिक 'डिस्कभर फीड'मा देखिएको उदाहरण मेटा एआईमा देखिएको थियो।

४. के तपाईंलाई साँच्चै एआई आवश्यक छ?

एआईलाई सहयोगी औजारको रूपमा प्रयोग गर्नुहोस्, सोच्ने कामको विकल्पको रूपमा होइन। के त्यो कार्य तपाईंले आफैँ गर्न सक्नुहुन्छ? जटिल गणितको सवाल छ भने क्यालकुलेटर प्रयोग गर्न सकिन्छ कि?

नैतिकता वा व्यक्तिगत मामिलामा त एआई भन्दा आफ्ना वरिपरिको मान्छेसँग सल्लाह गर्नु उपयुक्त हुन्छ। एआईले भावनात्मक वा सामाजिक सन्दर्भमा विवेकपूर्ण निर्णय लिन सक्दैन।

साथै, एआईले अत्यधिक ऊर्जा र पानीको खपत गर्छ। डेटा सेन्टरहरू चिस्याउन ठूलो मात्रामा पानी प्रयोग हुन्छ, जसले वातावरणीय सन्तुलनमा असर पार्न सक्छ।

एआई हाम्रो जीवनको अभिन्न अङ्ग बन्दै गएको छ। तर यसको उपयोग बुद्धिमत्ता र जिम्मेवारीपूर्वक गर्न सकिएन भने यसले चुनौती पनि सिर्जना गर्न सक्छ। साशा लुचिओनी भन्छिन्– "प्रविधिको विकाससँगै हामी अझ बढी डिजिटल संसारमा डुबिरहेका छौँ, तर यसले हामीलाई मानिसको रूपमा छुट्याउने सृजनशीलता र सामाजिक सम्बन्धहरू जोगाइराख्न जरुरी छ।"

त्यसैले, एआईको प्रयोग गर्नु अघि आफूले के गर्दैछु भनेर गम्भीर विचार गर्नुपर्ने समय यही हो। - एजेन्सीको सहयोगमा

फर्सीको बियाँ : शुक्रकीटको गुणस्तर सुधार देखि अनिद्राबाट राहत

काठमाडौँ । आजकालको व्यस्त जीवनशैली र असन्तुलित खानपानका कारण विभिन्न स्वास्थ्य समस्याहरू देखा पर्न थालेको छ। घण्टौँसम्म कुर्सीमा बसिरहनु, फास्ट फुड-जंक फुड खानु र निद्राको कमीले हाम्रो स्वास्थ्यमा नकारात्मक असर पारिरहेको छ ।

यस्तोमा हामीले आफ्नो आहारमा यस्ता सुपरफुडहरू समावेश गर्नु आवश्यक छ, जसले शरीरलाई भित्रबाट बलियो बनाओस् र यी चुनौतीहरूसँग लड्न मद्दत गरोस्। फर्सीको बियाँ यिनै सुपरफुडहरूमध्ये एक हो ।

फर्सीको बियाँ पोषक तत्त्वको खजाना हुन्। नेसनल लाइब्रेरी अफ मेडिसिनमा प्रकाशित एक अध्ययनअनुसार, फर्सीको बियाँमा पाइने भिटामिन, खनिज, एन्टी अक्सिडेन्ट र स्वस्थ फ्याटले रोग प्रतिरोधात्मक क्षमता बढाउन मात्र होइन, मुटु, मधुमेह, क्यान्सर, कलेजो रोग, पाचन र मानसिक स्वास्थ्यका लागि पनि अत्यन्त लाभदायक छन् ।

अध्ययनमा फर्सीको बियाँमा एन्टी माइक्रोबियल, एन्टी-इन्फ्लेमेटरी र एन्टी-अल्सर जस्ता औषधीय गुणहरू हुन्छन् भनेर पनि बताइएको छ। यिनको प्रयोग खाद्य पदार्थ र औषधिजन्य उत्पादनहरूमा गरिन्छ।

फर्सीको बियाँमा कुन-कुन पोषक तत्त्व पाइन्छन ?

संयुक्त राज्य कृषि विभाग (यूएसडीए) अनुसार, फर्सीको बियाँमा प्रोटिन, फाइबर, स्वस्थ फ्याट, म्याग्नेसियम, जिङ्क र एन्टिअक्सिडेन्ट जस्ता आवश्यक पोषक तत्त्वहरू पाइन्छन्, जुन स्वास्थ्यका लागि अत्यन्त लाभदायक छन् ।

फर्सीको बियाँ हाम्रो स्वास्थ्यका लागि कसरी लाभदायक छन ?

फर्सीको बियाँमा ट्रिप्टोफ्यान नामक एमिनो एसिड पाइन्छ, जसले राम्रो र गहिरो निद्रा ल्याउन मद्दत गर्छ । यसमा पाइने भिटामिन ई र फेनोलिक कम्पाउन्डस्ले शरीर सुन्निनबाट र फ्री रेडिकल्सले हुने क्षतिबाट बचाउँछन् । त्यस्तै, ओमेगा-३ फ्याटी एसिड र म्याग्नेसियमले रक्तचाप र कोलेस्ट्रोलको स्तर सन्तुलित राख्न मद्दत गर्छन् । यसले मुटुको स्वास्थ्य राम्रो राख्छ ।

यसमा रहेको उच्च फाइबरले पाचन प्रणालीलाई सुधार्छ । साथै, म्याग्नेसियम, फस्फोरस र जिङ्कले हड्डीहरूलाई बलियो बनाउँछन् । यसको नियमित सेवनले स्तन र प्रोस्टेट क्यान्सरको जोखिम पनि कम गर्न सक्छ ।

फर्सीको बियाँमा पाइने जिङ्क, फाइटोस्टेरोल्स र ओमेगा-३ फ्याटी एसिडले पुरुषहरूको प्रोस्टेट स्वास्थ्य र प्रजनन क्षमता सुधार्न मद्दत गर्छ । त्यस्तै, यसमा पाइने लिग्नान्स जस्ता फाइटोएस्ट्रोजेन्सले महिनावारी बन्द हुनेका लक्षणहरूलाई कम गर्न सक्छन् ।

फर्सीको बियाँ खाने सही समय

फर्सीको बियाँ जुनसुकै बेला पनि खान सकिन्छ । तर बिहान खाली पेटमा, साँझको स्वास्थ्यकर खाजाको रूपमा वा राती सुत्नुअघि थोरै मात्रामा खानु राम्रो मानिन्छ ।

खानामा फर्सीको बियाँ समावेश गर्ने

यसलाई आफ्नो आहारमा धेरै तरिकाले समावेश गर्न सक्नुहुन्छ । जस्तै-

- रातभर भिजाएर राखेको फर्सीको बियाँ बिहान खाली पेटमा खान सकिन्छ ।
- तपाईं यसलाई कम आगोमा सुख्खा भुटेर पनि खान सक्नुहुन्छ ।
- यसलाई मिसाएर स्मूदी वा प्रोटिन सेकमा थप्न सक्नुहुन्छ ।
- ओट्सको लागि टपिङको रूपमा प्रयोग गर्न सकिन्छ ।
- सलाद वा सुपमा मिसाउन सकिन्छ ।
- तपाईं यसलाई अन्य बियाँहरू (सूर्यमुखी/चिया) र सुख्खा फलफूलसँग मिसाएर स्वस्थ खाजाको रूपमा लिन सक्नुहुन्छ ।

भुटेको, स्वादिष्ट वा काँचो फर्सीको बियाँमध्ये कुन बढी फाइदाजनक

बजारमा तीन प्रकारका फर्सीको बियाँ उपलब्ध छनः काँचो, भुटेको र स्वादिष्ट । तिनीहरूलाई खानु अघि तिनीहरूको भिन्नता र फाइदाहरू बुझ्नु आवश्यक छ ।

काँचो फर्सीको बियाँ

यो प्रशोधन गरिएको हुँदैन । त्यसैले, बियाँमा पाइने पोषक तत्त्वहरू पूर्ण रूपमा सुरक्षित रहन्छन् । यो सबैभन्दा स्वास्थ्यकर विकल्प हो ।

भुटेको फर्सीको बियाँ

यसमा फर्सीको बियाँ भुटेको हुन्छ। यसले यसको स्वाद बढाउँछ। तर यसलाई उच्च तापक्रममा भुट्दा वा नुन थप्दा केही स्वस्थ बोसो र भिटामिनहरू नष्ट हुन सक्छ ।

स्वादयुक्त फर्सीको बियाँ

यसमा अतिरिक्त नुन, चिनी, मसलाहरू थपिन्छन्, जसले स्वाद बढाउँछ तर स्वास्थ्य लाभहरू कम गर्छ । उच्च रक्तचाप वा पाचन समस्या भएका व्यक्तिहरूले यी खानु हुँदैन ।

के बच्चाहरूलाई फर्सीको बियाँ खुवाउन सकिन्छ ?

फर्सीको बियाँ सीमित मात्रामा बालबालिकालाई दिन सकिन्छ । यद्यपि, उनीहरूको उमेर र चपाउने क्षमतालाई ध्यानमा राख्नु आवश्यक छ । बियाँमा पाइने आवश्यक पोषक तत्त्वहरूले बालबालिकाको शारीरिक र मानसिक विकासमा मद्दत गर्दछ ।

३ वर्षभन्दा माथिका बच्चाहरूलाई यसलाई पिसेर सुप, खिचडी वा दहीमा मिसाएर दिन सकिन्छ । तिनीहरू घाँटीमा अड्कियोस् भनेर बच्चाले राम्ररी चपाउन सक्ने बियाँ मात्र दिनुहोस् ।

धेरै मात्रामा फर्सीको बियाँ खानु हानिकारक हुन सक्छ ?

धेरै फर्सीको बियाँ खानुमा कुनै हानि छैन । तर यसमा फाइबर, फ्याट र क्यालोरीको मात्रा राम्रो हुन्छ । त्यसैले यसलाई बढी खाँदा तौल बढ्ने वा पाचन समस्या हुन सक्छ ।

दैनिक कति फर्सीको बियाँ खान सुरक्षित छ ?

दैनिक १ देखि २ चम्चा (लगभग १५ देखि ३० ग्राम) फर्सीको बियाँ खानु सामान्यतया सुरक्षित र लाभदायक मानिन्छ ।

फर्सीको बियाँ कसले खानु हुँदैन?

पाचन समस्या, कम रक्तचाप वा खानाको एलर्जी भएका व्यक्तिहरूले सावधानीपूर्वक फर्सीको बियाँ खानुपर्छ । यसबाहेक, तौल घटाइरहेका व्यक्तिहरू र गर्भवती वा स्तनपान गराउने महिलाहरूले पनि यसलाई सीमित मात्रामा खानुपर्छ किनभने यसको अत्यधिक सेवनले ग्यास, पेट दुख्ने वा केही अवस्थामा हार्मोनल असन्तुलन जस्ता समस्याहरू निम्त्याउन सक्छ ।

साथै, कुनै पनि प्रकारको स्वास्थ्य समस्याको अवस्थामा, आफ्नो आहारमा फर्सीको बियाँ समावेश गर्नु अघि डाक्टरसँग परामर्श गर्न आवश्यक छ ।

"पुर्खाया पलाः ख्वाँय्" स्मृति–काव्यको लोकार्पण

काठमाडौं । लोककवि राजभाइ जकःमिको सिर्जना "पुर्खाया पलाः ख्वाँय्" (पुर्खाको पदचाप) शीर्षक स्मृति-काव्य ग्रन्थको लोकार्पण समारोह नेपाल प्रज्ञा प्रतिष्ठानको देवकोटा सभाहलमा सम्पन्न भएको छ । बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालयद्वारा प्रकाशित उक्त कृति लोकार्पण कार्यक्रम नेपाल प्रज्ञा प्रतिष्ठानको मातृभाषा कोष तथा व्याकरण विभाग र नेवाः देय् दबू, जातीय परिषद्को संयुक्त आयोजनामा सम्पन्न भएको हो ।

समारोहका प्रमुख अतिथि तथा बागमती प्रदेशका सांसद पूर्वमन्त्री शैलेन्द्र मान बज्राचार्यले दीप प्रज्वलन गरी काव्य ग्रन्थको औपचारिक विमोचन गरेको थियो । कार्यक्रममा वरिष्ठ कवि योगेन्द्र प्रधानले पुस्तकलाई नेपालभाषामा रचित एक अनुपम ऐतिहासिक काव्य भन्दै, यसले नेवार समुदायका पुर्खाहरूको महत्वपूर्ण संघर्षको दस्तावेज प्रस्तुत गरेको धारणा व्यक्त गरे ।

भाषा आयोगका सदस्य सुरेश किरण मानन्धरले लेखकले लामो साधना र समर्पणका साथ तयार पारेको यस कृति बागमती प्रदेश सरकारबाट प्रकाशन हुनु गौरवको विषय भएको धारणा राखे । साहित्यकार हितकर वीर सिंह कंसाकारले 'पुर्खाया पलाः ख्वाँय्' काव्यले नयाँ पुस्तालाई पुर्खाको योगदानबारे जानकारी दिन उल्लेखनीय प्रयास गरेको बताए ।

कार्यक्रममा लोककवि जकःमिलाई संस्कृति तथा पर्यटन मन्त्रालयको तर्फबाट शुभकामना पत्र प्रदान गरिएको थियो । नेवाः देय् दबूका पूर्व अध्यक्ष तथा संरक्षक नरेश ताम्राकारले जकःमिलाई आदिवासी जनजाति पहिचानको आन्दोलनमा कविता मार्फत पुऱ्याएको योगदानको कदर गर्दै उनलाई लोककवि पदवीबाट सम्मान गरिएको स्मरण गरे ।

मुख्य अतिथि बज्राचार्यले जकःमिको काव्यले भाषा, साहित्य र संस्कृतिमा पुऱ्याएको योगदान उजागर गर्ने बताउँदै नयाँ पुस्ताले यसबाट पुर्खाको योगदानबारे गहिरो ज्ञान प्राप्त गर्ने अपेक्षा व्यक्त गरे ।

कार्यक्रमको सभाध्यक्ष तथा नेवाः देय् दबूका केन्द्रीय अध्यक्ष पवित्र बज्राचार्यले जकःमिलाई उपयुक्त व्यक्तिका रूपमा लोककवि पदवीमा सम्मान गरिएको बताउँदै आगामी दिनमा उनको रचनात्मक यात्रामा अझ सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त गरे ।

कार्यक्रमको सञ्चालन जातीय परिषद्का सचिव मचाराजा महर्जनले गरेको थियो भने स्वागत मन्तव्य परिषद्का सदस्य तथा माली समाजका अध्यक्ष अमर नारायण मालीले राखेको थियो ।

समारोहमा लोककवि जकःमिले गाएको, शान्तराज शाक्यको निर्देशनमा तयार पारिएको शताब्दी पुरुष सत्यमोहन जोशीसम्बन्धी भिडियो गीत पनि प्रस्तुत गरिएको थियो ।

नेपाल देश र नेवार समुदायको समुन्नतिमा योगदान दिने ७१ जना नेवाः अग्रजहरूको काव्यात्मक जीवनकथा समेटिएको यो ग्रन्थ नेपालभाषाको एक ऐतिहासिक, मूल्यवान् र प्रेरणादायी कृति भएको सहभागीहरूले बताएका छन् ।

महिला युरोप च्याम्पियनसिप : स्पेन क्वार्टरफाइनलमा प्रवेश, पोर्चुगलको आशा

काठमाडौं । स्पेनले यूईएफए महिला युरो-२०२५ को क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेको छ । सोमबार राति स्विट्जरल्यान्डको स्टोकहर्न एरिनामा सम्पन्न खेलमा बेल्जियममाथि ६-२ को प्रभावशाली जित निकाल्दै विश्वकप विजेता स्पेन समूह 'बी'को शीर्ष स्थानमा उक्लिएको हो ।

स्पेनको जितमा एलेक्सिया पुटेयसले दुई गोल गर्दै चम्किएकी थिइन् भने एरेन पाराडेज, एस्थेर गोन्जालेज, मारिओना काल्डेन्टी र क्लाउडियो पेनाले समान एक-एक गोल थपे । बेल्जियमका लागि जस्टिन र हान्नाह युरलिंग्सले एक-एक गोल गरे तापनि टोलीलाई हारबाट जोगाउन सकेनन् ।

खेलको पहिलो हाफमा स्पेनले २-१ को अग्रता बनाएको थियो भने दोस्रो हाफमा चार गोल थपेर जित सुनिश्चित गरेको हो । दुई खेलबाट ६ अंक जोडेको स्पेन क्वार्टरफाइनलमा पुग्ने पहिलो टोली बनेको छ । उता, दुई खेलमा अंकविहीन रहेको बेल्जियम प्रतियोगिताबाट बाहिरिएको छ ।

सोही राति भएको अर्को खेलमा पोर्चुगलले इटालीसँग १-१ को रोमाञ्चक बराबरी खेल्दै क्वार्टरफाइनलको सम्भावना जिवित राखेको छ । स्विट्जरल्यान्डको स्टेट डे जेनेभामा भएको उक्त खेलमा इटालीका लागि क्रिस्टियना गिरेलीले ७०औं मिनेटमा गोल गर्दै अग्रता दिलाएकी थिइन् । तर, खेलको अन्त्यतिर ८९औं मिनेटमा डियना गोमेजले गोल फर्काएर पोर्चुगललाई बराबरीमा ल्याइन् । इन्जुरी समयमा एना बोर्गेसले रातो कार्ड पाउँदै मैदान छोडे पनि पोर्चुगलको प्रदर्शनमा त्यसको खास असर परेन ।

बराबरीसँगै इटालीले दुई खेलबाट ४ अंक जोडेको छ भने पोर्चुगलले १ अंक बटुलेको छ । अब अन्तिम चरणको खेलपछि मात्र पोर्चुगलको क्वार्टरफाइनल यात्रा टुंगो लाग्नेछ ।

रास्वपाको संसद् अवरोध निष्कर्षविहीन, समाधानको उपाय अर्थहिन

काठमाडौं, असार २४ ।

भिजिट भिसा प्रकरणलाई लिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सुरु गरेको संसद् अवरोध ४१ दिन पुगेको छ । तर, अवरोधको न त समाधान देखिएको छ, न आन्दोलनको ठोस उपलब्धि हासिल भएको छ । सरकार र रास्वपाबीच संवाद टुटेको छ, स्थिति झन् पेचिलो बनेको छ ।

सरकारले पूर्वमुख्यसचिव शंकरदास वैरागीको संयोजकत्वमा छानबिन समिति गठन गरिसकेको भए पनि रास्वपाले त्यसलाई 'फासफुसे' भन्दै अस्वीकार गरेको छ । गृहमन्त्री रमेश लेखकमाथि मानव तस्करीमा संलग्न रहेको आरोप लगाउँदै रास्वपाले संसद् अवरुद्ध गर्दै आएको छ । तर, लेखक अझै पनि पदमै छन् ।

रास्वपाको विरोध र बहिष्कारबीच पनि संसद् नियमित गतिमा चलिरहेको छ । बजेट प्रस्तुत भएको छ, विधेयकहरू पारित भएका छन् । नागरिकता र निजामती विधेयक पारित भइसकेका छन् भने प्रधानमन्त्रीको स्पेन भ्रमणबारे जानकारी समेत सदनमा सुनाइएको छ । रास्वपाका सांसद बेलमा उपस्थित भएर विरोध जनाए पनि, मुख्य कारबाहीमा तिनको उपस्थिति न्यून छ ।

रास्वपाका सांसदहरू स्वयं अब अवरोधले अपेक्षित दबाब सिर्जना गर्न नसकेको स्वीकार्न थालेका छन् । सांसदहरूबीच आन्दोलनको रणनीति फेरबदलको बहस चलिरहेको छ, तर स्पष्ट विकल्प अझै भेटिएको छैन । "सरकार हाम्रो कुरा सुन्दैन, हामी उसलाई मान्दैनौं, अब के गर्ने?" भन्ने रास्वपा सांसदहरूको प्रश्नले द्वन्द्वको अन्योल झल्काउँछ ।

रास्वपाले आफ्नो गतिविधिलाई सिकाइको चरणको रूपमा पनि हेरिरहेको छ । उपनेता विराजभक्त श्रेष्ठ भन्छन्, "हामी निरन्तर सिक्दैछौं । हामी पुराना पार्टीजस्तो होइनौं ।" एमालेले अघिल्लो कार्यकालमा नौ महिना संसद् अवरोध गर्दा पनि अपेक्षित उपलब्धि हासिल गर्न नसकेको सन्दर्भ दिँदै, रास्वपा आफैं अनुभव बटुलिरहेको छ । रास्वपाले भिजिट भिसा प्रकरणलाई लिएर सत्तारुढ कांग्रेससँग संवाद थालेको छ । उपसभापति स्वर्णिम वाग्ले, कार्यवाहक सभापति डीपी अर्याल लगायतका नेताहरूले कांग्रेस सभापति शेरबहादुर देउवासँग भेट गरेका छन् । यसले कांग्रेससँगको दूरी घटाएको र पार्टीभित्र सहकार्यको संकेत देखिएको छ ।

संसद् अवरोधले सांसदहरूलाई जनताका चासो र समस्याबारे आवाज उठाउन अवरोध बनिरहेको छ । रास्वपाका प्रवक्ता मनीष झाले संसद्मा नाराबाजी नगरेर अरूलाई धारणा राख्न दिने नीति अपनाइएको बताउँछन् । "बजेटबारे हाम्रो धारणा बाहिर प्रष्ट रूपमा राखिएको छ । समितिमा पनि सक्रिय सहभागिता रहेको छ," उनी भन्छन् ।

रास्वपाले समस्या समाधानमा सत्तापक्ष उदासीन रहेको आरोप लगाएको छ । सभामुख देवराज घिमिरेको भूमिकाप्रति पनि पार्टी असन्तुष्ट देखिन्छ । विशेषगरी साउन ३ गते नीलो रिबन बाँधेर गरिएको विरोधपछि सभामुख रास्वपाप्रति चिढिएको बुझाइ रास्वपाको छ ।

सभामुख घिमिरेले संसद् सञ्चालनमा सबै पक्षको सहकार्य आवश्यक रहेको बताउँदै, "संसद् अवरोध समस्याको समाधान होइन," भन्ने धारणा राखेका छन् ।

रास्वपाले उठाएको मुद्दा गम्भीर भए पनि यसको समाधानका लागि न सरकार जिम्मेवार बनेको देखिन्छ, न रास्वपाले आन्दोलनको विकल्प तय गरेको छ । यतिबेला रास्वपा संसद्को गतिबिधिबाट पन्छिँदै जनअपेक्षा सम्बोधन गर्न असमर्थ देखिँदैछ । यथास्थितिमा रहिरहँदा, संसद् अवरोधले पार्टीलाई फाइदाभन्दा क्षतिनै पुऱ्याउने खतरा बढ्दै गएको छ ।

रसुवागढी नाका क्षतविक्षत, ७ को शव भेटियो, १८ जना अझै सम्पर्कविहीन

काठमाडौं । मित्रराष्ट्र चीन र नेपाल जोडिने रसुवागढी नाकामा मंगलबार बिहानै बाढीले तहसनहस बनायो । नेपाल र चीन जोड्ने मितेरी पुलमा क्षति हुँदा दुईतर्फी आवागमन बन्द भएको छ भने १८ जना बेपत्ता भएका छन् ।

बिहान एक्कासी नेपाल-चीन सीमामा रहेको लेन्दे (भोटेकोशी) खोलाबाट आएको बाढीले नेपालतर्फ ठूलो क्षति भएको छ । रसुवागढी नाकाको सुक्खा बन्दरगाहमा राखिएका केही विद्युतीय गाडी (ईभी) र कन्टेनरसहित करिब १०० वटा गाडी बगाएको अनुमान गरिएको छ । यद्यपि, यकिन तथ्यांक अझै आइसकेको छैन ।

जिल्ला प्रशासन कार्यालय रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुव प्रसाद अधिकारीका अनुसार हालसम्म १८ जना सम्पर्कविहीन भएका छन् । सम्पर्कविहीन हुनेमा तीन जना प्रहरी, ९ जना सर्वसाधरण र ६ जना चिनियाँ नागरिक छन् ।

सेना, प्रहरी, सशस्त्र प्रहरीले हालसम्म बाढीमा फसेका ५७ जनाको उद्धार गरिसकेको छ । दाउरा खोज्न घरबाट केही परको खोलामा पुगेका नुवाकोटको विदुर नगरपालिका-९ का ६७ वर्षीय पाल्देन तामाङ र उनकी ६२ वर्षीया श्रीमती मंगलीमाया तामाङले करिब १ घण्टा सिसौको रुखमा चढेर ज्यान जोगाएका थिए । सेनाको हेलिकप्टरमार्फत् उनीहरूको उद्धार भयो ।

सुरक्षाकर्मीहरूले रसुवागढी जलविद्युत आयोजनामा फसेका कामदारको पनि उद्धार गरेका हुन् । सशस्त्र र नेपाल प्रहरीसँग समन्वय गरेर हेलिकप्टरमार्फत २३ जनाको उद्धार गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । उद्धारका लागि दिनभर सेनाको एनए-०३८ एमआई र इकुरेल हेलिकप्टर परिचालन गरिएको थियो ।

सम्पर्कविहीन भएकाहरूको खोजीमा धादिङस्थित नम्बर-६ बाहिनी अड्डाबाट सेनाको टोलीलाई गल्छी हुँदै त्रिशुलीतर्फ र रसुवास्थित श्रीनाथ गणको टोली स्याफ्रुवेशी इलाकातर्फ परिचालन गरिएको थियो । सेनासँगै प्रहरी र सशस्त्र प्रहरीको टोली खटिएका थिए ।

घटनास्थलमा खटिएका जिल्ला प्रहरी कार्यालय रसुवाका प्रहरी निरीक्षक कृष्णबहादुर धितालका अनुसार भन्सार यार्डमा रहेका मालवाहक कन्टेनरका डिब्बा बगाएको छ । उनका अनुसार रसुवागढी जलविद्युत् आयोजनाको ड्याममा ठूलो क्षति पुगेको छ ।

नदीमा पानीको बहाव कम भएपनि सतर्कता अपनाउन स्थानीय प्रशासनले आग्रह गरेको छ । प्रहरी निरीक्षक धितालका अनुसार अहिलेसम्म ७ जनाको शव फेला परेको छ ।

बाढीले रसुवाको उत्तरगया गाउँपालिका-१ मैलुमा रहेको बेलिब्रिज समेत बगाएको छ । सेनाको पोस्ट अगाडि रहेको बेत्रावती-स्यफ्रुवेशी नयाँ सडक खण्डमा पर्ने त्रिशूलीको बेलिब्रिज बगाएपछि स्थानीयको आवतजावत रोकिएको छ । भर्खरै बनाइएको पक्कीपुल लेदोले छोपिएको छ ।

प्रधानमन्त्रीदेखि गृहमन्त्रीसम्म बाढीस्थलमा

सबै कार्यक्रम रोकेर प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखक लगायत सरकारका उच्चपदस्थहरू बाढीस्थलमा पुगेर निरीक्षण गरेका छन् ।

प्रधानमन्त्री ओलीले उद्धारमा केन्द्रित रहने र उद्धारपछि राहत र पुनर्निर्माणमा जोड दिने बताएका छन् । उनले रसुवाका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखलाई निर्देशन दिँदै उद्धारमा केन्द्रित हुन निर्देशन दिएका हुन् ।

ओलीले उद्धार गरिएकालाई बासस्थानको प्रबन्ध गरी राहत उपलब्ध गराउन स्थानीय प्रशासनलाई निर्देशन दिएका छन् । गृहमन्त्री लेखकले पनि सुरक्षा निकायलाई निर्देशन दिँदै उद्धार र बेपत्ताको खोजीमा लाग्न निर्देशन दिएका छन् ।

कहाँ के क्षति ?

नेपाल-चीन जोड्ने मितेरी पुल पूर्णरुपमा क्षति
स्याफ्रुबेशी-रसुवागढी सडक बगायो
रसुवा भन्सारको यार्डमा क्षति
ईभी चार्जिङ स्टेसन
रसुवागढी जलविद्युत आयोजना ड्याममा क्षति
रसुवा भन्सार कार्यालयमा क्षति
सुक्खा बन्दरगाहमा क्षति
ट्रक, कन्टेनर र ईभीसहित करिब १०० गाडी बगायो

पहिचान खुलेका १५ सम्पर्कविहीन व्यक्ति :

प्रहरी सहायक निरीक्षक लालबहादुर श्रेष्ठ
प्रहरी जवान मुन्ना ठाकुर
प्रहरी जवान लोकेन्द्र बोहोरा
चिनियाँ नागरिक यु युई
चिनियाँ नागरिक लि हुवाछिङ
चिनियाँ नागरिक याङ छुवान
चिनियाँ नागरिक यु हाई हाङ
चिनियाँ नागरिक यु स्याओ छिउ
चिनियाँ नागरिक चोउ योङ
बर्दियाका जिपन चौधरी
बर्दियाकै सन्तोष दइत
बर्दियाकै बुद्धिराम थारु
बर्दियाकै लक्ष्मी नारायण थारु
बर्दियाकै सुरेश थारु
बाग्लुङका नरेन्द्र विक
सिन्धुपाल्चोकका फूर्वा लामा
सिन्धुपाल्चोककै गोविन्द मोक्तान
ठेगाना नखुलेका लोकमान तामाङ

मुलडरको ऐतिहासिक इनिङ्स, तर लाराको कीर्तिमानप्रति सम्मान

एजेन्सी । टेस्ट क्रिकेटमा कीर्तिमान तोड्ने दुर्लभ अवसर पाएका दक्षिण अफ्रिकी कप्तान वियान मुलडरले इतिहास र सम्मानको बिच सहज तर असामान्य निर्णय लिए । जिम्बाब्वेविरुद्धको दोस्रो टेस्टमा ३६७ रनमा अविजित रहँदा पनि उनले वेस्ट इन्डिजका ब्रायन लाराको ४०० रनको विश्व कीर्तिमान तोड्ने प्रयास गरेनन् ।

२७ वर्षीय मुलडरले बुलवायोमा टस जितेर पहिलो ब्याटिङ गर्ने निर्णय गरेका थिए । पाँच विकेटको क्षतिमा टोलीले ६२६ रन बनाएको अवस्थामा कप्तानले इनिङ्स घोषणा गरे । मुलडर लाराको कीर्तिमानभन्दा मात्र ३३ रनले पछाडि रहे । लाराले २००४ मा इंग्ल्याण्डविरुद्ध एन्टिगुवामा ४०० रनको अविजित पारी खेलेका थिए, जुन टेस्ट क्रिकेटको अहिलेसम्मकै उच्च व्यक्तिगत स्कोर हो ।

"टोलीको आवश्यकताले पहिलो प्राथमिकता लिन्छ," मुलडरले इनिङ्स घोषणाको निर्णयबारे प्रतिक्रिया दिँदै भने । "हामीले पर्याप्त रन बनाइसकेका थियौं, अब खेल जित्न बलिङतर्फ ध्यान दिन जरुरी थियो ।"

तर यो निर्णयको पछाडि भावनात्मक पाटो पनि छ । मुलडरले लाराको क्रिकेटीय योगदानप्रति श्रद्धा व्यक्त गर्दै भने, "ब्रायन लारा एउटा लेजेन्ड हुन् । उनका जस्ता व्यक्तिहरूको कीर्तिमान जोगिनु विशेष कुरा हो ।" प्रशिक्षक शुरी कनराडको सल्लाह पनि उनले स्मरण गरे, जसले उनलाई भनेका थिए, "लेजेन्डहरूको कीर्तिमान त्यही रहन देऊ ।"

मुलडरको ३६७ रन टेस्ट क्रिकेट इतिहासको पाँचौं सर्वाधिक व्यक्तिगत स्कोर हो । साथै, यो दक्षिण अफ्रिकाका खेलाडीद्वारा बनाइएको सबैभन्दा उच्च व्यक्तिगत स्कोर पनि हो, जसले हाशिम अमलाको ३११ रनको रेकर्डलाई ओझेलमा पारेको छ । उनले २९७ बलमा तेहेरो शतक पूरा गर्दै टेस्ट क्रिकेटको दोस्रो सबैभन्दा छिटो तिहेरी शतक बनाएका थिए ।

यो उनका लागि टेस्ट करियरको तेस्रो शतक हो भने लगातार दोस्रो, जसमा पहिलो टेस्टमा उनले १४७ रन बनाएका थिए । चोटका कारण नियमित कप्तान टेम्बा बभुमा र अनुभवी खेलाडी केशव महाराज अनुपस्थित रहेपछि मुलडरले कप्तानीको जिम्मेवारी सम्हालेका थिए ।

यो घटना क्रिकेट इतिहासका केही अन्य उदाहरणहरूसँग तुलना योग्य छ । सन् १९९८ मा, अस्ट्रेलियाका कप्तान मार्क टेलरले पाकिस्तानविरुद्ध ३३४ रन बनाएर इनिङ्स घोषणा गरेका थिए–त्यो रन डन ब्राडम्यानको कीर्तिमान बराबरी हो । त्यसको पाँच वर्षपछि, म्याथ्यू हेडनले जिम्बाब्वेविरुद्ध ३८० रन बनाएर त्यो कीर्तिमान तोडे ।

टेस्ट क्रिकेटका शीर्ष व्यक्तिगत स्कोरहरू:

४०० – ब्रायन लारा (वेस्ट इन्डिज) खक इंग्ल्याण्ड, २००४
३८० – म्याथ्यू हेडन (अस्ट्रेलिया) खक जिम्बाब्वे, २००३
३७५ – ब्रायन लारा (वेस्ट इन्डिज) खक इंग्ल्याण्ड, १९९४
३७४ – महेला जयवर्दने (श्रीलंका) खक दक्षिण अफ्रिका, २००६
३६७– वियान मुलडर (दक्षिण अफ्रिका) खक जिम्बाब्वे, २०२५

मुलडरको निर्णयले प्रतिस्पर्धा र व्यक्तिगत कीर्तिमानभन्दा माथि उठेर खेलभावनाको उदाहरण प्रस्तुत गरेको छ–कसरी खेल अझै पनि केवल रनभन्दा परको कुरा हो ।

कांग्रेस....

टिप्पणी गरिएको छ ।

कांग्रेसबाट सरकारमा रहेका स्वास्थ्यमन्त्री प्रदीप पौडेल र कृषिमन्त्री रामनाथ अधिकारीमाथि भने तुलनात्मक रूपमा कम आलोचना भएको देखिन्छ । तर, अन्य मन्त्रीहरूमाथि ‘ आफ्ना क्षेत्र र गुटका लागि मात्रै काम गर्ने’ प्रवृत्तिको आलोचना भइरहेको छ ।

केन्द्रीय सदस्य प्रतिमा गौतमले मन्त्रीहरूले आफ्ना क्षेत्रका मात्रै बजेट ल्याउने र बाँकी देशलाई बेवास्ता गर्ने प्रवृत्ति अन्त्य गर्न माग गरिन् । ‘मन्त्री भएपछि त राष्ट्रव्यापी दृष्टिकोण आवश्यक हुन्छ,’ उनले भनिन् ।

केन्द्रीय सदस्य कल्याण गुरुङ, तारामान गुरुङ, अब्दुल सतार लगायत नेताहरूले काम नगर्ने मन्त्रीहरूले पार्टीको छवि नै धमिल्याएको भन्दै तत्काल हेरफेरको माग गरेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओली स्पेन भ्रमणबाट फर्किसकेका छन् । कांग्रेस नेताहरूका अनुसार बैठकको निष्कर्ष र प्रधानमन्त्रीसँगको परामर्शपछि मन्त्री हेरफेरबारे अन्तिम निर्णय हुने सम्भावना छ ।

सरकारमा रहेका मन्त्रीहरूको आलोचना कांग्रेसभित्र मात्रै होइन, सत्ता साझेदार नेकपा एमालेभित्र पनि चर्किएको छ । यस्तो अवस्थामा एक वर्षको अवसरमा सरकार पुनर्गठन हुने संकेत बलियो देखिएको छ ।

निलबाराही...

वरिष्ठ इन्जिनियर दिलीप गसी र जियोटेक्निकल इन्जिनियर राजेश्वरी श्रेष्ठले पहिरो न्यूनीकरणका लागि जल निकास सुधार, ढल संरचना सुदृढीकरण र दीर्घकालीन समाधान योजनाको खाँचो औंल्याएका थिए ।

बैठकमा ‘समन्वय, प्राविधिक सुधार र जनसहभागिता’ जस्ता प्रतिबद्धता व्यक्त गरिए पनि कार्यान्वयनतर्फ खासै प्रगति देखिएको छैन । यसले जनस्तरमा पालिकाको भूमिकाप्रति निराशा र आक्रोश बढाएको छ ।

स्थानीय नागरिकको भनाइमा, “हाम्रो सम्पदा हामीले जोगाउनु पर्छ भन्ने भावना बलियो भए पनि सरकारको साथविना दीर्घकालीन सुरक्षा सम्भव छैन ।”

निलबाराही क्षेत्रको संरक्षणका लागि विभिन्न निकायबाट विनियोजित बजेट र योजना अहिलेसम्म कागजमै सीमित छन्। समन्वय बैठकपछि आवश्यक कार्ययोजना, जिम्मेवारी विभाजन र अनुगमन संयन्त्र गठनको पहल नभए, हालका प्रतिबद्धता पनि अरूजस्तै औपचारिकतामा सीमित हुने देखिएको छ ।

विशेषज्ञहरू भन्छन्, निलबाराही मन्दिर केवल धार्मिक स्थल मात्र नभई थिमिको ऐतिहासिक पहिचान हो। यसको संरक्षण सामूहिक प्रयास मात्रले सम्भव छैन; आवश्यक छ स्पष्ट नेतृत्व, पारदर्शी कार्यान्वयन र राजनीतिक प्रतिबद्धता ।

समय अझै छ, तर धेरै छैन। नगरपालिका गम्भीर नभएसम्म निलबाराही क्षेत्रको सुरक्षाका लागि गरिएको समुदायको समर्पण एकतमासको प्रयासमै सीमित हुने खतरा रहन्छ ।

निलबाराहीको संरक्षणमा हजारौंको संख्यामा रहेका श्रमदाताहरुको श्रमको सदुपयोगमा थोरै लगानीमा पनि धेरै काम गर्न सक्ने अवसर नगरपालिकासँग छ । तसर्थ पालिकाबाट आवश्यक पहल गरी मध्यपुर थिमि कै सम्पदा जागाउन र नगरपालिकाको आफ्नो नाराको औचित्य कायम राख्ने दयित्वबाट पछि हट्नु हुँदैन ।

किड्स....

छन् ।

कार्यक्रम संयोजक तानिया श्रेष्ठका अनुसार यस संस्करणमा करिब १५० बालबालिकाको सहभागिता रहने अपेक्षा गरिएको छ । हालसम्म ८० जना बालबालिकाले नाम दर्ता गराइसकेको जानकारी उनले दिइन् । श्रेष्ठले भनिन्, “साइकल केवल खेलकुदको साधन मात्र होइन, यसले आत्मबल बढाउँछ, समुदायसँग जोड्छ र धेरै साथीहरू बनाउन सहयोग गर्छ । हामीले यस अभियानलाई सामाजिक र व्यक्तित्व विकासको एक हिस्सा बनाएका छौं ।”

उक्त कार्यक्रम भक्तपुर दरबार क्षेत्रबाट सुरु भई नगरको प्रमुख गल्ली र प्रदक्षिणा पथ हुँदै करिब ५ किलोमिटरको साइकल राइडपछि पुनः दरबार क्षेत्रमै समापन हुनेछ । सहभागी बालबालिकालाई समापनमा विविध उपहारहरू प्रदान गरिने पनि आयोजकले जनाएको छ ।

साइकल कनेक्ट भक्तपुरका अध्यक्ष सुमित बाला भन्छन्, “कोरा भन्नाले कुनै पवित्र वा सांस्कृतिक स्थानलाई श्रद्धापूर्वक घुम्ने कार्यलाई जनाउँछ । सन् २०२१ देखि हामीले भक्तपुरमा साइकल संस्कृतिको प्रवर्द्धन गर्दै ‘पैडल र पेडल मैत्री शहर’ निर्माण गर्ने लक्ष्य लिएका छौं । किड्स कोराको मूल उद्देश्य बालबालिकालाई साइकल संस्कृतिको महत्व बाल्यकालदेखि नै सिकाउनु हो ।”

इभेन्टलाई सफल बनाउन विभिन्न संघ, संस्था र समुदायको सहकार्य प्राप्त भएको छ । प्रायोजकका रूपमा गोर्खा इको प्यानल, गोर्खा चाइनिज ईट्टा, गोर्खा विन्डोर, एभरेष्ट इंगलिस स्कुल, जेन्युन इंग्लिस स्कुल, नेपाल इको प्यानल, ड उमामी क्याफे, श्रीमान-श्रीमति राइडर्स, ज्याम कर्नर म्युजिक स्टुडियो, रितेश बाइक क्लिनिक, र जुजु बाइक्सले आर्थिक तथा प्राविधिक सहयोग गरिरहेका छन् ।

त्यसैगरी, कम्युनिटी पार्टनरको रूपमा रिचिन फोटोग्राफी, जेरो वान स्टुडियो, साइकल कल्चर कम्युनिटी, मल्टी टेरेन बाइकिङ, एस्ट्रो फिट क्लब, र पायोनियर ओपन क्रु आबद्ध छन् ।

किड्स कोरा भक्तपुर २०८२ साइकलप्रेमी नयाँ पुस्ताका लागि केवल मनोरञ्जनको कार्यक्रम मात्र होइन, साइकलमार्फत सामाजिक सम्बन्ध, नेतृत्व र स्वाभिमान विकास गर्ने एउटा महत्वपूर्ण अवसरसमेत भएको आयोजकले जनाएको छ ।

अफताबको....

बताएका छन् ।

रौतहटको राजपुरमा २०६४ साल चैत २७ गते भएको बम विस्फोटपछि स्थानीय इँटाभट्टामा २३ जनालाई जिउँदै जलाएर मारेको आरोप आलमसहितमा लागेको थियो । सो घटनामा जिल्ला अदालत रौतहटले आलमसहित चार जनालाई जन्मकैदको सजाय सुनाएको थियो । तर गत जेठ दोस्रो साता उच्च अदालतका न्यायाधीशद्वय खुसीप्रसाद थारू र अर्जुन महर्जनको इजलासले उनीहरूलाई सफाइ दिएको थियो । उक्त फैसलापछि आलम कारागारमुक्त भएका छन् ।

उक्त निर्णयविरुद्ध पीडित पक्ष तथा आम जनमानसमा व्यापक आलोचना भइरहेको छ । सत्तारूढ नेकपा एमालेका सांसद किरणकुमार साहले प्रतिनिधिसभामा बोल्दै “फैसला राजनीतिक संरक्षणको परिणाम हो” भन्दै न्यायाधीशहरूविरुद्ध महाअभियोग प्रक्रिया अघि बढाउन माग गरेका छन् ।

उनले भने, “यदि सरकार स्वतन्त्र न्यायपालिका चाहन्छ भने न्यायाधीशहरू खुसीराम थारू र अर्जुन महर्जनमाथि तत्काल महाअभियोग प्रक्रिया अघि बढाइनुपर्छ ।”

स्रोतका अनुसार न्यायपरिषद्ले विवादित फैसलापछि बैठक बसेको र ती न्यायाधीशहरूलाई काठमाडौं तानेर हाजिर गराइएको छ । तर कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरासियाले न्यायाधीशहरूबारे मिडियामा टिप्पणी गर्न अस्वीकार गरेका छन् ।

“अदालतले गर्ने कामबारे म मिडियामा केही भन्न चाहन्न,” मन्त्री चौरासियाले संक्षिप्त प्रतिक्रिया दिएका छन् ।

महान्यायाधिवक्ताको कार्यालयले हाल पुनरावेदन निवेदन तयार गरिरहेको र मुद्दा दर्ता भएपछि आलमलाई पुनः थुनामा राखेर पुर्पक्ष गर्न माग गरिने अधिवक्ता पुष्पराज पौडेलले बताएका छन् । पौडेल पीडितहरूको तर्फबाट निःशुल्क कानुनी सहायता दिँदै आएका छन् । स्मरणीय छ, विसं २०७६ मा आलमविरुद्ध मुद्दा दर्ता भएपछि उनी पक्राउ परेका थिए र ललितपुरस्थित नख्खु कारागारमा थुनामा थिए । जिल्ला अदालतको फैसला आएपछि पनि उनी कारागारमै रहेका थिए । उच्च अदालतको निर्णयपछि हाल उनी स्वतन्त्र छन् ।

भण्डारीको....

भण्डारीको राजनीतिक दर्शन ‘ जनताको बहुदलीय जनवाद’ को उनी हिमायती भएकाले पनि कार्यकर्तामा उनको प्रभाव रहेको विश्लेषण गरिएको छ । देशभर गरेको एक वर्ष लामो दौडाहाको मूल्यांकन गर्दै उनले १४ असारपछि एमालेमै सक्रिय राजनीति गर्ने घोषणा गरेकी हुन् ।

पूर्वमन्त्री गोकर्ण विष्ट, छविलाल विश्वकर्मा, योगेश भट्टराईजस्ता नेताहरू पहिलेदेखि ओलीसँग असन्तुष्ट रहेका थिए । नेकपा विभाजनका बेला एमालेमै बसेका यी नेताहरू अहिले भण्डारी समूहमा सक्रिय छन् । अर्कोतर्फ, रामबहादुर थापा ‘बादल’ भने खुलेर अभिव्यक्ति नदिए पनि ओली पक्षमै उभिन सक्ने संकेत दिएका छन् ।

एमाले विधानमा ७० वर्ष उमेर सीमा र दुई कार्यकालको सर्त लागू गरिनुपर्ने बहस चलिरहेका बेला भण्डारीको उमेर ६४ वर्ष मात्रै भएकोले पनि उनी सहज रूपमा फेरि नेतृत्व भूमिकामा आउने आंकलन गरेको देखिन्छ ।

यो अवस्थाले एमालेभित्रको शक्ति सन्तुलनमा गहिरो असर पार्ने देखिएको छ । भण्डारी पक्ष बलियो बन्दै गएको संकेतले ओली नेतृत्वलाई चुनौती दिन सक्ने आँकलन गरिँदैछ । यसले ओलीको राजनीतिक भविष्यलाई समेत चुनौती थपिएको राजनीतिक विश्लेषकहरुको धारणा रहेको छ । त्यस्तै एमाले अध्यक्ष पार्टीको आगामी महाधिवेशनबाट पनि पार्टी अध्यक्षमा कायमै रहने ओलीकै विभिन्न क्रियाकलापले स्पष्ट रुपमा देखाएको छ । उनले पूर्वराष्ट्रपति भण्डारीलाई राजनीतिबाट टाढा राख्न गरेको क्रियाकलाप एकपछि अर्को गर्दै असफल भएपछि ओलीले एक कार्यकालको लागि भनेर नयाँ कार्ड प्रयोग गर्न सक्दछन् । जसको पूर्वाभास हाल ओलीका क्रियाकलापबाट पनि स्पष्ट देखिन थालेको छ । यसमा आली कति सफल हुन्छ त्यो आउँदा दिनमा स्पष्ट हुनेछ ।

त्यस्तै सत्ता गठजोडकै क्रममा पनि एमाले अध्यक्ष ओलीले नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवालाई प्रधानमन्त्रीको पद किस्तीमा राखेर बुझाउने अभिव्यक्ति दिदैं गर्दा अबको ५ महिना पछिको स्थितिले ओलीको भनाई र गराईको वास्तविकता नेपाली जनताले थाहा पाउन सक्ने छ । त्यति बेला सम्मको लागि हेर र पर्खको स्थितिमा रहनु नै उपयुक्त होला ।

इमेलः thimitimes@gmail.com
thimitimes1@hotmail.com
thimi_times@yahoo.com
थिमिTIMES

"ए ङाला ह्राङ्बा माया" असार २८ गते विशेष प्रदर्शन हुने

काठमाडौं । तामाङ भाषामा निर्मित प्रेमकथामा आधारित चलचित्र 'ए ङाला ह्राङ्बा माया' यही आउँदो असार २८ गते शनिबार, काठमाडौंको नेपाल चलचित्र विकास बोर्ड, चाबहिलमा विशेष प्रदर्शन हुने भएको छ । सांस्कृतिक परिवेश, परम्परा र भावनात्मक सम्बन्धलाई समेट्दै चलचित्रले तामाङ समुदायको मौलिकता र युवा पुस्ताबीचको सम्बन्धलाई गहिरो रूपमा उजागर गर्ने प्रयास गरेको छ। यस चलचित्रलाई तामाङ चलचित्र उद्योगको प्रगतिको प्रतीकका रूपमा हेरिएको छ।

चलचित्रका नायक तथा निर्देशक हुत्त सञ्जय लामा हुन् । नायक एंव निर्देशक हुत्त सञ्जय लामाले क्राबा ङाला सेम, ह्याङ्ला ह्युल, सेमरिन मुला माया, अमर रहोस् हाम्रो माया,बिच्छी,कसम तिमीलाई, जम्काभेट, दुवाली,सानु लगायत एक दर्जन चलचित्रमा नायक एंव निर्देशकको रुपमा अभिनय र निर्देशन गरिसकेका छन ।

निर्माताहरू लोसाङ लामा र इकेश लामा, सहनिर्देशक विश्वजंग माझी, द्वन्द्व निर्देशन राजु दोङ तामाङ र छायांकन प्रज्वल राउतले गरेका छन्। चलचित्र टिमका अनुसार प्राविधिक पक्षमा कुनै सम्झौता नगरिकन सशक्त रूपमा निर्माण गरिएको छ।चलचित्रको शीर्ष गीतमा बिछोड र बियोगको मार्मिक भावना व्यक्त गरिएको छ। उक्त गीतमा नायक हुत्त सञ्जय लामाको प्रभावशाली अभिनय दर्शकको विशेष आकर्षण बन्ने अपेक्षा गरिएको छ।

चलचित्रमा नायक हुत्त सञ्जय लामालाई नायिका सुनिता लुङ्बाले साथ दिएकी छन्। दर्जनौं चलचित्रमा अभिनय गरिसकेकी लुङ्बाले यो चलचित्रलाई विशेष रुपमा आसा राखेको बताए ।

"सबै चलचित्रमा मेहनत गरेकी छु, तर यो चलचित्र हेरेर म आफैं रोएँ," उनले भनिन्, "किनभने यो चलचित्र साँच्चै नै उत्कृष्ट बनेको छ।"

चलचित्रमा हुत्त सञ्जय लामा र सुनिता लुङ्बासँगै तारा थोकर, हेम कुमार तितुङ, प्रज्मी बोम्जन, राजकुमार स्याङ्तान, संगीता बोम्जन, भुइशल लामा, माया देवी मोक्तान, मिलन स्याङ्तान, हिरोज लोप्चन लगायतका कलाकारहरुको अभिनय देख्न पाउनेछ ।काठमाडौं तथा वरपरका दर्शकहरूलाई चलचित्रको विशेष प्रदर्शनमा सहभागी भई साथ दिन आयोजकले हार्दिक आह्वान गरेका छन्। यस चलचित्रले तामाङ भाषिक चलचित्र उद्योगमा नयाँ सन्देश र उचाइ थप्ने विश्वास गरिएको छ।

पाकिस्तानी कलाकारहरूको सामाजिक सञ्जाल प्रतिबन्ध आंशिक रूपमा हट्यो

एजेन्सी । पहलगाम आतङ्कवादी हमलापछि भारतले पाकिस्तानी कलाकार हरूको सामाजिक सञ्जाल खाताहरूमा लगाएको प्रतिबन्ध आंशिक रूपमा हटाएको छ । अब केही कलाकारहरूको खाताहरू फेरि भारतमा देखिन थालेका छन्, यद्यपि प्रमुख कलाकारहरूका खाताहरू अझै पनि प्रतिबन्धित नै छन् ।

'सनम तेरी कसम' फिल्मबाट चिनिएकी पाकिस्तानी अभिनेत्री मावरा होकेनको इन्स्टाग्राम खाता भारतमा पुनः सक्रिय भएको देखिएको छ । त्यस्तै, सबा कमर, युम्ना जैदी, दानिश तैमुर, र अहद रजा मीर जस्ता कलाकारहरूको खाताहरू पनि भारतमा पहुँचयोग्य भएका छन् ।

तर, अभिनेत्री हानिया आमिर, माहिरा खान, फवाद खान, अली जफर र आतिफ असलमजस्ता चर्चित कलाकारहरूको सामाजिक सञ्जाल खाताहरू अझै पनि भारतमा प्रतिबन्धित छन् । हानिया आमिरको इन्स्टाग्राम खोल्दा 'यो खाता भारतमा उपलब्ध छैन । कानुनी अनुरोधका कारण सामग्रीहरू प्रतिबन्धित गरिएको छ' भन्ने सन्देश देखिन्छ ।

पाकिस्तानी कलाकार हरूको सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने निर्णय भारत सरकारले पहलगाम आतङ्कवादी हमलापछि लिएको थियो । यही क्रममा भारतले गृह मन्त्रालयको सिफारिसमा १६ वटा पाकिस्तानी युट्युब च्यानलहरू पनि प्रतिबन्धित गरेको थियो । ती च्यानलहरूले भारत, भारतीय सेना तथा सुरक्षासम्बन्धी निकायहरूविरुद्ध भ्रामक र उत्तेजक सामग्रीहरू प्रवाह गरिरहेको आरोप लागेको थियो ।

यसअघि सन् २०१६ को उरी आक्रमणपछि भारतमा पाकिस्तानी कलाकारहरूको काममा प्रतिबन्ध लगाइएको थियो । माहिरा खान र फवाद खानजस्ता कलाकारहरूले त्यसपछि बलिउडका धेरै परियोजनाबाट बाहिरिनुपरेको थियो । यद्यपि सन् २०२३ मा मुम्बई उच्च अदालतले पाकिस्तानी कलाकारहरूलाई प्रतिबन्ध लगाउने माग खारेज गऱ्यो । अदालतले राजनीतिक तनावका आधारमा कलाकार हरूलाई दण्ड दिन नहुने स्पष्ट पारेको थियो ।

प्रतिबन्ध हटेपछि पाकिस्तानी कलाकारहरू पुनः हिन्दी सिनेमामा देखिन थाले । हानिया आमिरले दिलजीत दोसांझसँग फिल्म 'सरदारजी ३' मा काम गरिन् भने फवाद खान बलिउडमा फिल्म 'अबीर गुलाल' मार्फत पुनरागमन गर्दै थिए । तर, अप्रिल २२ मा पहलगाममा भएको आतङ्कवादी घटनापछि 'अबीर गुलाल' को मे ९ मा तय गरिएको प्रदर्शन स्थगित गरिएको छ ।

'सरदार जी ३' भने भारतको सट्टा विदेशमा मात्र प्रदर्शन भएको छ । दिलजीत दोसांझमाथि पाकिस्तानी कलाकारसँग काम गरेको आरोपमा देशद्रोहको माग उठाइएको छ र उनको नागरिकता खारेज गर्न पनि दबाब बढ्दै गएको छ ।

यसैबीच, अभिनेत्री मावरा होकेनलाई फिल्म 'सनम तेरी कसम २' मा लिने तयारी भइरहँदा प्रमुख अभिनेता हर्षवर्धन राणेले यदि मावरा फिल्ममा रहे, भने आफू त्यसमध्ये नहुने स्पष्ट घोषणा गरेका छन् ।

फिल्म फेडरेशन अफ वेस्टर्न सिने इम्प्लोइजले हालै सूचना तथा प्रसारण मन्त्रालयलाई पत्र लेख्दै भारतीय नागरिकले पाकिस्तानी कलाकारहरूसँग सहकार्य गरेमा उनीहरूमाथि देशद्रोहको मुद्दा लगाउने चेतावनी दिएको छ । साथै, त्यस्ता व्यक्तिलाई भारतीय मनोरञ्जन उद्योगबाट पूर्ण रूपमा बहिष्कार गरिने चेतावनी दिइएको छ ।

पाटन उच्च अदालतबाट पनि स्ट्यान्डअप कमेडियन अपूर्व दोषी ठहर

काठमाडौं । स्ट्यान्डअप कमेडियन अपूर्व क्षितिज सिंहलाई उच्च अदालत पाटनले पनि दोषी ठहर गरेको छ । जातीय भेदभाव, छुवाछूत र सार्वजनिक शान्ति भंग गर्ने आरोपमा जिल्ला अदालत काठमाडौंले दिएको फैसला उच्च अदालतले पुनरावेदनमा समेत सदर गरेको हो ।

कमेडियन अपूर्वले आफ्नो स्ट्यान्डअप कमेडी प्रस्तुतीमा नेवार समुदायको भाषा, संस्कृति र जातीलाई व्यंग्य गर्ने गरी कटाक्ष गरेपछि नेवार समुदायका प्रतिनिधिहरूले उजुरी दिएका थिए । सिंह मान नवीन, पृथविन्दु महर्जनलगायतले प्रहरीमा उजुरी गरेपछि उनलाई २०७९ साल भदौ दोस्रो साता प्रहरीले पक्राउ गरेको थियो ।

जिल्ला अदालतले मुलुकी अपराध संहिताको दफा १६५ बमोजिम सामाजिक रितिथितिमा खलल पुऱ्याएको ठहर गर्दै उनलाई २ लाख ५० हजार रुपैयाँ धरौटीमा छोड्ने आदेश दिएको थियो । अपूर्वले फैसला चित्त नबुझेर पुनरावेदन दायर गरेका थिए ।

पाटन उच्च अदालतका न्यायाधिश लेखनाथ पौडेल र कृष्ण राम कोइरालाको संयुक्त इजलासले जिल्ला अदालतकै फैसला सदर गर्दै अपूर्वलाई दोषी ठहर गरेको छ । यससँगै उनको विरुद्धको मुद्दामा उच्च अदालतले पनि कारबाही गर्ने बाटो खोलिदिएको छ ।

कमेडियन अपूर्वले नेवाः लवज, नेवाः संस्कृति र त्यससँग सम्बन्धित पर्व-पूजामा व्यंग्यपूर्ण प्रस्तुतिहरू गरेपछि नेवाः समुदायमा व्यापक विरोध भएको थियो । विवाद बढेपछि उनले उक्त स्ट्यान्डअप भिडियो प्राइभेट बनाएका थिए ।

यस घटनाले स्ट्यान्डअप कमेडीमा सांस्कृतिक संवेदनशीलतालाई कसरी लिनुपर्ने भन्ने विषयमा नयाँ बहस सुरु भएको छ ।

बीटीएसको कमब्याक घोषणा : सन् २०२६ मा नयाँ एल्बम र विश्व भ्रमणको तयारी

काठमाडौं - विश्वभरि लोकप्रिय दक्षिण कोरियन संगीत समूह बीटीएसले आफ्नो कमब्याकको घोषणा गरेको छ । करिब चार वर्षको अन्तरालपछि समूहले नयाँ एल्बम ल्याउने र अन्तर्राष्ट्रिय स्टेजमा पुनः फर्कने तयारी गरेको हो ।

दक्षिण कोरियाको कानुन अनुसार १८ देखि २८ वर्ष उमेरका सबै योग्य पुरुषले अनिवार्य रूपमा १८ महिनादेखि २१ महिनासम्म सैन्य सेवा गर्नुपर्ने व्यवस्था छ । बीटीएसका सबै सदस्यहरूले उक्त अनिवार्य सेवा पूरा गरेका छन् ।

समूहले सन् २०२६ मा नयाँ एल्बम सार्वजनिक गर्ने र त्यसपछि वर्ल्ड टुरमा निस्कने योजना बनाएको छ । हालै बीटीएसका सदस्यहरू जिन, आरएम, भी, जिमिन, जे-होप, जंगकुक र सुगाले अनलाइन फ्यान प्लेटफर्म 'वेभर्स'मार्फत आफ्ना फ्यानहरूलाई यसबारे जानकारी दिएका हुन् ।

दशक लामो सफल यात्रापछि केही समयको विश्राम लिएको बीटीएसले पुनः संगीत क्षेत्रमा फर्किने घोषणासँगै आफ्ना फ्यानहरूलाई उत्साहित बनाएको छ ।

अष्टबज्र बज्राचार्य
मो.नं. : ९८४१३२३०७६७
हिराबज्र ज्वेलरी
मध्यपुर थिमि– ०४, शंखधरचोक, भक्तपुर
Hira Bajra Jewellery
Madhyapur Thimi-04, Shankhadhar Chowk, Bhaktapur
Tel : 01-6632809
Website : www.facebook.com/hbjewels
सदस्य नेपाल सुनचाँदी महासंघ, अध्यक्ष हिरा ज्वेलर्स प्रा.लि.
पूर्व अध्यक्ष ल्यायम्ह पुच, थिमि, नेपाल सुनचाँदी व्यवसायी संघ भक्तपुर शाखा
सल्लाहकार नेपाल सुनचाँदी व्यवसायी संघ भक्तपुर, शाखा



अर्जुन श्रेष्ठ
को-अर्डिनेटर
९८४१३००४१६, ९८४५७४९४१६
इन्द्रभक्त श्रेष्ठ
व्यवस्थापक
९८४१५०४७११, ९८१०३११०८७
THIMI BANQUET
थिमि बैंक्वेट प्रा. लि.
मध्यपुर थिमि-३, चारदोबाटो टि.बी. अस्पतालको अगाडि
स्तरिय, उत्कृष्ट सेवा, हाईजेनिक परिकार, सुबिधा सम्पन्न ५५०० स्क्वायर माथिका २ वटा ठूला हलको साथमा पर्याप्त पार्किङ्ग सुबिधा भएको शुभ-बिबाह ,ब्रतबन्ध, सेमिनार, गोष्ठी लगायत अन्य सम्पूर्ण शुभ कार्यको लागि थिमि बैंक्वेट प्रा. लि.

विज्ञापनको लागि
सम्पर्क ९८५११०२२७३
हाम्रो न्युज पोर्टल
https://www.thimitimes.com.np/
https://www.facebook.com/thimitimes.com.np/

प्रकाशक/कार्यकारी सम्पादकः दीपक श्रेष्ठ, सम्पादकः दीपिका श्रेष्ठ, व्यवस्थापकः दिवस श्रेष्ठ, कार्यालयः सुन्दरनगर, मध्यपुर थिमि–३, भक्तपुर, फोनः ६६३३६५२, ९८५११०२२७३,
मुद्रणः धिम्ले अफसेट प्रेस, अनामनगर, web news portal : www.thimitimes.com.np/